# अंगुलिमाल



अनुवादक

[illegible]

Downloaded from http://dhamma.digital

बुद्धकालीन कथा –

# अंगुलिमाल

## (वर्तमान एवं अतीत कथा)


नेपाल भाषामा लेखक :- श्री धर्मरत्न शाक्य 'त्रिशुली'

नेपालीमा अनुवादक

दोलेन्द्ररत्न शाक्य

चाकुपाट, ल.पु.

५२९२०४


Dhamma.Digital

Downloaded from http://dhamma.digital

प्रकाशक :

श्री कृष्णबहादुर नकर्मी

सानेपा, ल.पु.

५२५०६०

बुद्ध सम्बत - २५४६

नेपाल सम्बत - ११२३

बिक्रम सम्बत - २०५९

ईश्वी सम्बत - २००३

प्रथम संस्करण - १००० प्रति

मूल्य : (          )

मुद्रक : विद्याधरी प्रिण्टिङ्ग प्रेस

पाटन औद्योगिक क्षेत्र, लगनखेल, ललितपुर,

फोन नं.: ५२४७९५, ५२६७६२

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# शुभ-कामना

संसारमा कसैलाई राम्ररी जित्नु छ भने उसको मनलाई नै परिवर्तन गरी जित्नु पर्दछ भन्ने कुरा बुद्धकालका अंगुलिमाल स्थविरको कुराबाट छर्लङ्ग हुन आउँछ। शस्त्र अस्त्र र सैन्य बलले पनि जित्न नसकेको अंगुलिमाल डाकूलाई बुद्धले बिना शस्त्रअस्त्र उसको मनलाई परिवर्तन गरी जित्नु भयो र उसको कल्याण गर्नुभयो। अंगुलिमाल स्थविरको पूर्व जन्मको कथामा पनि बोधिसत्व सुत्तसोमले वाराणसी नरेश (भावी अंगुलिमाल)लाई बोध गरी शान्त दान्त पार्नु भएको कुरा उल्लेख भएको छ। यी प्रसंगबाट हामीले के सिक्नु पर्दछ भने जबसम्म हाम्रो मनमा रीस, राग, काम, क्रोध, लोभ, ईर्ष्या आदि रहनेछ तबसम्म हामी शान्त र पवित्र हुन सक्दैनौं। बुद्धले भन्नु भएको छ - "संग्राममा हजारौं सेनालाई परास्त गर्नु भन्दा आफ्नो मनलाई जित्न सक्नेलाई नै संग्रामजित भनिन्छ।"

अंगुलिमाल स्थविरको वर्तमान र पूर्वकथाबाट अर्को कुरा के बुझ्न सकिन्छ भने - जसरी ग्रागी भरीको फोहर पानीलाई एक टुक्रा फिट्किरीले सफा र स्वच्छ पार्न सकिन्छ, त्यसरी नै जतिसुकै दुष्ट स्वभावको व्यक्ति पनि कल्याणमित्रको संगतले असल एवं निर्मल बन्न सक्छ। यस्ता अन्य थुप्रै शिक्षाहरू अंगुलिमालको कथाबाट लिन सकिन्छ।
यस्ता अन्य थुप्रै शिक्षाहरू अंगुलिमालको कथाबाट लिन सकिन्छ।



Downloaded from http://dhamma.digital

बोधिसत्व सुत्तसोमको कथामा नन्द ब्राम्हणले उहाँलाई सुनाउनु भएको चार वटा गाथाहरू पनि साह्रै महत्वपूर्ण छन्। काश्यप बुद्धले देशना गर्नुभएको उक्त गाथाहरू नन्द ब्राम्हणले अरूलाई सुनाउने गर्थ्यो। गाथा सुनाए बापट प्रत्येक गाथाको रू सयका दरले पारिश्रमिक लिइन्थ्यो। बोधिसत्व सुत्तसोमले ती गाथा सुने पछि ती गाथाहरूको मूल्य यहाँ देखि ब्रम्हलोकसम्म सारा चक्रवाल सप्तरत्नले भरिदिए पनि वास्तविक मूल्य चुकाएको हुँदैन भन्ने विचार गरी नन्द ब्राम्हणलाई राज्य समेत दिने विचार गर्नुभयो। तर ब्राम्हणको भाग्यमा चार हजार सम्म मात्र उपभोग गर्न सक्ने क्षमता भएकोले त्यति नै रकम प्रदान गर्नु भयो। ती गाथाहरू यस प्रकार छन् –

१. सकिंदेव सुत्तसोम सब्भिहोतु समागमो।

सा नं संगति पालेसि नासभि बहु संगमो॥

अर्थात हे सुत्तसोम राजन्! सत्पुरूषसँग एक पटकमात्र समागम भएता पनि रक्षा हुन्छ। असत्पुरूषसँग बार बार सत्संगत गरे पनि रक्षा हुँदैन।

२. सब्भिरेव समासेथ सब्भिकुब्बेथ सन्थवं।

सतं सद्धम्मं अञ्ञाय सेय्यो होति न पापियो॥

अर्थात त्यसैले सत्पुरूषहरूको सत्संगत गर। सत्पुरूषसँगै बस। सत्पुरूषहरूको सद्धर्म थाहा पाउनुले भलो नै हुन्छ कुभलो हुँदैन।

३. जीरन्ति वे राजरथा सुचित्ता, अथो सरीरं पि जरं उपेति।

सतं च धम्मो न जरं उपेति, सन्तो हवे सब्भि पवेदयन्ति॥

अर्थात् - अति विचित्र एवं शोभायमान भएको राजरथ जीर्ण भई जानेछ, शरीर पनि बृद्ध हुनेछ परन्तु सत्पुरूषहरूको धर्म जीर्ण हुने छैन



Downloaded from http://dhamma.digital

सन्त सत्पुरूषहरूले यसरी नै बताउँछन् ।

४. नभञ्च दूरे पथवी च दूरे, पारं समुद्स्स तदाहु दूरे ।

ततो हवे दूरतरं वदन्ति, सतञ्च धम्मं असतञ्च राज ॥

अर्थात् - आकाश दूर छ, पृथ्वी दूर छ, समुद्र पारीको किनारा झन दूर छ। हे राजन् ! सत्पुरूष र असत्पुरूषहरूको धर्म त्यो भन्दा पनि टाढा छ।

यी गाथाहरूको बिस्तृत अर्थ आयुष्मान ञाणपुण्णिकले अनुवाद गर्नु भएको महानसल्लेख सूत्र पुस्तकको पृष्ठ ३१८ मा हेर्नु हुन पनि म पाठकमहानुभावलाई सुझाव दिन चाहन्छु ।

यस्तो महत्वपूर्ण ग्रन्थ नेपालीभाषामा अनुवाद गर्नु हुने श्री दोलेन्द्ररत्न शाक्यको अथक परिश्रमको सराहना गर्दछु । उपासक दोलेन्द्ररत्नले ध्यान भावनाको अभ्यास मात्र होइन बहुजनको हीतको निम्ति महत्वपूर्ण धार्मिक ग्रन्थहरूको अनुवाद एवं मौलिक रचना पनि गर्नुभएको छ। भविष्यमा पनि उहाँबाट यस्तै उल्लेखनीय प्रयास जारी रहने आशा गर्दै उहाँलाई शुभकामना एवं साधुवाद छ।

अंगुलिमालको कथा धर्मरत्न शाक्यले पनि बि.सं. २०२८ सालमा नेपालभाषामा लेख्नु भएको थियो। झण्डै एक दशक अगाडी धर्मरत्न शाक्यद्वारा लिखित अंगुलिमाल नाटक ओकुबहालका कलाकार हरूले प्रज्ञाभवनमा प्रदर्शन गरिएको थियो । श्री कृष्णबहादुर नकर्मी विहारमा आउनु भै - 'भन्ते अंगुलिमाल पुस्तक नेपाली भाषामा प्रकाशन गर्ने विचार गरी दोलेन्द्रजीलाई अनुवाद गर्न लगाएको छु यसमा तपाईंले एउटा छोटो मन्तव्य लेखिदिनुहोस्' भनी प्रार्थना गर्नु



Downloaded from http://dhamma.digital

भएकोले दुई शब्द लेख्ने मौका पाएको छु। तसर्थ यस्तो अमूल्य ग्रन्थ प्रकाशन गर्नको निम्ति श्रद्धा राख्नु हुने कृष्ण बहादुर नकर्मी प्रति पनि निरोगी र सुखी कामना गरेको छुं।

**भिक्षु बुद्धघोष महास्थविर**
अग्गमहा सद्धम्मजोतिकधज
अध्यक्ष
अखिल नेपाल भिक्षुमहासंघ

श्री सुमङ्गल विहार
लुखुसी, ललितपुर
२९ पौष २०५९

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# केही कुरा

कुनैपनि मानिस जन्मैदेखि अपराधी हुँदैन, चाहे त्यो व्यक्ति भविष्यमा चोर डाँका तथा भयंकर हत्यारा हुने नै किन नहोस् । ज्योतिष तथा अंगविद्याका प्रकाण्ड विद्वानहरूले उनको अंग लक्षण, ग्रह गतिको प्रभावले अपराधीको जीवन बिताउने भनी भविष्यवाणी किन नगरोस । यदि समयमै असल संगत जुराई, असल गुरूको सानिध्यमा राख्न सके असल जीवन बिताउन पाए त्यो व्यक्ति असल भएर यो लोक र परलोकमा पनि उत्तम आर्य जीवन बिताउने हुन्छ ।

त्यस्तै असल संगत जुरेर विद्वान ज्ञानी पण्डित तथा कर्तव्य-परायण भएर पनि यदि सद्धर्म नजान्ने गुरूको शिष्य हुनपुग्यो भने मूर्ख साथीहरूसंग बस्नुपर्‍यो भने असल शिक्षित विद्वान भएपनि अन्धश्रद्धाको कारण अपराधी हुनेहुन्छ । त्यसकारण भगवान बुद्धले मङ्गलसूत्रको पहिलो गाथा नै "असेवना च बालानं पण्डितानं सेवना" अर्थात मूर्खहरूको संगत नगर्नु पण्डितहरूको संगत गर्नु मंगल हो भनी आज्ञा गर्नुभएको छ ।

मूर्खहरूको संगतले गर्दा सम्पूर्ण क्लेश नाशगरी अर्हत सम्म हुन सक्ने पुण्य संस्कार भएकाले पनि मूर्ख साथीहरूको ईर्ष्यामा परी उनीहरूबाट गरिएको सम्पूर्ण भूठ चुक्लिद्वारा प्रभावित भएका निर्विवेकी क्रोधी गुरूको अनुशासनमा परेको अहिंसक केवल अन्धभक्तिको कारणले



Downloaded from http://dhamma.digital

अपराधी भएर मानव हत्यारा भई उनीहरूको औंलाको माला लगाइ हिंडने अंगुलिमाल भई बदनाम हुनुपऱ्यो । परन्तु समयमै तथागत सम्यकसम्बुद्धको शिक्षा प्राप्त हुंदा त्यस्ता नरघाटक भएर पनि निर्वाण साक्षात्कार गरी जीवनमुक्त हुन सफल भयो ।

त्यस्तै नै पहिलो जन्ममा यक्ष हुंदा धेरै नै मानिसहरूको मासुको स्वाद पाएको रसतृष्णाको वशमा परी मानिसको मासु खान पल्केका (वाराणसीका पदच्यूत राजा) कुल्मासपाद पोरिषादलाई कुरू राष्ट्रका राजा सुत्तसोमले काश्यप बुद्धले उपदेश गरिराखेका "सत्पुरूषहरूसंग एकदिन मात्र समागम हुंदा पनि रक्षा हुने" एकेकशय मूल्यका चार गाथा सुनाई बोधगरी पञ्चशीलमा प्रतिष्ठित गरी मानिसको मासुखाने बानी छुटाई पुनः राज्यमा प्रतिष्ठापित गरिदियो ।

हामीले जान्नुपर्ने यही कुरालाई मनन गरी बि.सं. २०२८ सालमा नेपाल भाषामा "अंगुलिमाल" नामको एक पुस्तक प्रकाशन गरेको थिएं । त्यस्तै २०४७ सालमा पूज्य अमृतानन्द महास्थविरको प्रब्रज्या अर्धशताब्दीको उपलक्ष्यमा आनन्दकुटी विहार गुठीबाट "अंगुलिमाल पूर्णांकी नाटक" नेपाली भाषामा प्रकाशित भएको थियो । सोही अंगुलिमालको जीवनी र उनको पूर्वजन्मको कथा "सुत्तसोम जातक" नेपाली भाषाभाषीहरूलाई बुझाउन श्री दोलेन्द्ररत्न शाक्यले बौद्ध ग्रन्थको आधारमा यो अंगुलिमाल पुस्तक सरल भाषामा अनुवाद गरी प्रशंसनीय कार्य गर्नु भएको छ ।

प्रकाशक बिना कुनै पुस्तक प्रकाशन हुन सकिंदैन । प्रकाशकहरूको सहायताले मात्र लेखकहरूको परिश्रम सफल हुन्छ । तसर्थ यो पुस्तकको प्रकाशक श्री कृष्णबहादुर नकर्मीलाई पनि प्रशंसा नगरी रहन सकिंदैन । अन्तमा यो पुस्तकका अनुवादक श्री दोलेन्द्ररत्न



Downloaded from http://dhamma.digital

शाक्य (जसले यो भन्दा पहिले ९ वटा पुस्तक प्रकाश गर्नुभएको छ) उहाँलाई यस्ता जनोपयोगी पुस्तकहरू लेख्ने उत्साह बृद्धि हुंदै जावोस तथा प्रकाशकको श्रद्धा पनि उत्तरोत्तर बृद्धि हुंदै जावोस् साथै यो पुस्तकका पाठकहरूको पनि खराब संगत भैरहेको भए सो संगत छुटी असल संगत लाभ भई जीवन सफल गर्न सक्षम होवोस भन्ने कामना गर्दछुं ।

**धर्मरत्न शाक्य 'त्रिशुली'**

२०५९ पौष २५ गते

शंखमूल चोक, नयाँबानेश्वर ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# अनुवादकको आफ्नो कुरा

आज विश्व आतङ्कले आतङ्कित छ। जताततै हाहाकार छ, चित्कार छ र मानवताको दुत्कार छ। सुख र शान्ति सबै चाहन्छन् तर तिनको सम्भाव्यता आज कतैबाट होला जस्तो देखिँदैन। जीवन जगत ज्ञानको उज्यालोबाट पूर्णतया वञ्चित छ। अन्धकारको बोलवाला छ, शंका-उपशंका र मिथ्यादृष्टिको कुहिरोमा सबै रूमल्लिएका छन्। हत्या, हिंसा, चोरी, बलात्कार, आगजनी र बिस्फोटजस्ता अमानवतावादी र बिध्वंसात्मक प्रवृतिको ताण्डवनृत्य छ। सबैतर्फबाट निरासा, भय, असुरक्षा र चिन्ता र किंकर्तव्यविमूढतारूपी भूतको आक्रमण छ। शान्तिनायक बुद्ध जन्मेको देश नेपालमा पनि आज यस्तै प्रकारको परिस्थितिको जगजगी छ भन्नुपर्दा कुनै पनि स्वाभिमानी नेपालीको शीर लाजले झुक्दछ।

तर यस्तैमा एउटा झिनो आशाको किरण क्षितिजमा अझै बाँकी छ। त्यो किरण हो – बुद्ध-रश्मि। बुद्धका अमृतवाणी नै यस कुराको परिचायक हुन् र यही नै सही उपचार सिद्ध हुनसक्छ। बुद्धकालीन घटनाक्रमदेखि आजको जीवनक्रमसम्मका कुराहरूलाई नियाल्दा मानिसको भावना, बुद्धि र क्रियाकलापमा उही कर्मसंस्कारले काम गरिरहेको पाइन्छ जसको सुधार गर्ने विधि र प्रयोग उही नै हो। समस्या उस्तै छ, समाधान पनि उस्तै प्रकारले हुनुपर्छ। बुद्धको



Downloaded from http://dhamma.digital

समयमा अंगुलिमाल नामक डाँकु थियो। ऊ एक्लैले समाजमा ठूलो भयावह परिस्थितिको सिर्जना गरेको थियो। उनले जति मान्छे मारे, जसरी मारे र जुन परिस्थितिअन्तर्गत मारे त्यस्तै परिस्थिति र परिवेश आज नहुन सक्छ तर मार्ने क्रम र बहाना उस्तै उस्तै छन्। मूलमा त उही लोभ, क्रोध, मोह, मद र मात्सर्य नै हावी भएको पाइन्छ। जबसम्म समाजमा रक्षक बनेका नै भक्षक हुने गरिन्छ र भक्त भनाउँदाहरू पनि अन्धविश्वासको पछ्यौरी ओढेर गुरूभक्ति प्रदर्शन गरिटोपल्दछन्, तबसम्म समाजमा अंगुलिमाल नै नभए पनि अंगुलिमाल सदृश व्यक्तिहरूको पुनर्भव भइ नै रहन्छन्। तिनीहरूले समस्या खडा गरिरहन्छन् नै। ती अंगुलिमालहरूको दमन गर्न बोधिसत्वजस्ता र बुद्धसद्दृश व्यक्तिहरूको बेला बेलामा आवश्यक परिरहन्छ नै। दमन गर्न पनि त्यति सरल हुँदैन। अझ विना रक्तपात त्यस्ता व्यक्तिहरूको दमन आज आएर असम्भवप्राय: भएको महसुस हुन्छ। यदि शान्तिपूर्वक समस्याको निराकरण चाहने हो भने बुद्धका उपदेशहरूको अनुशरण र अनुशीलन अपरिहार्य छ। किनकि बुद्ध भन्नुहुन्छ – क्रोधले क्रोध कहिल्यै शान्त हुँदैन, प्रेमले मात्र क्रोध शान्त हुन्छ। आगोले आगो निंभाउन सकिंदैन। आगो निभाउन पानी नै चाहिन्छ। बुद्धले अंगुलिमाल डाँकुलाई र अंगुलिमालको पूर्व जीवनमा सुत्तसोम बोधिसत्वले ब्रम्हदत्त कुमारलाई प्रेम र दयाको जलले नै शान्त पार्नुभयो। अझ बुद्धले त अंगुलिमाललाई शान्त मात्र होइन, पछि कुनै पनि जन्मजन्मान्तरमा नसल्किने गरी उनीभित्रको आगो निभाइदिनुभयो र उनलाई निर्वाणरूपी अमृत जुराइदिनु भई सबै भवदु:खबाट मुक्त हुन सक्षम बनाइदिनुभयो।

यस 'अंगुलिमाल' नामक पुस्तकको कथाबस्तुले हामीलाई त्यसताकाका घटनाक्रमको स्वाद लिई रमाउने विषय मात्र प्रदान



Downloaded from http://dhamma.digital

गरेको नभई अहिले हाम्रो समाजमा आजको परिपेक्ष्यमा उब्जिरहेको विषम परिस्थिति र त्यस परिस्थितिले जन्माएका विकृत व्यक्तित्वहरूलाई पनि सही बाटोमा हिंडाउन यसले पूर्वाग्रहरहित भई चिन्तन-मनन गर्न र धारण-पालन पनि गर्न अभिप्रेरित गर्दछ। यसैले यस पुस्तकको सर्वसाधारणले बुझ्ने राष्ट्रिय भाषा नेपालीमा अनुवाद गर्ने सुअवसर मलाई प्राप्त भएकोमा म आफूलाई गौरवान्वित ठान्दछु र यो सुखकर विषय हो भन्ने कुरामा पनि विश्वस्त छु।

यस्ता सामयिक सन्देशवाहक पुस्तकहरूको प्रकाशन कार्यमा अभिरूचि लिई जुट्नु हुने यस पुस्तकका प्रकाशक श्री कृष्ण बहादुर नकर्मी धन्यवादका पात्र हुनुहुन्छ।

भवतु सब्ब मंगलं
अस्तु !

दिनाङ्क
२०५९ पौष २५

अनुवादक
**दोलेन्द्र रत्न शाक्य**
चाकुपाट, ल.पु.



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**

बुद्धधर्म सम्बन्धि ग्रन्थ, पुस्तकहरू प्रकाशन गर्ने क्रममा यो 'अंगुलिमाल' नामक पुस्तक पनि तपाईंको हातमा पुऱ्याउन सफल भएकोमा आफूलाई भाग्यमानी ठानेको छुं।

बुद्धको जन्मभूमी शान्तिक्षेत्र हाम्रो देश नेपालमा हाल भैरहेको मारकाट र हिंसाले आक्रान्त समाजलाई शान्तिको मार्गदर्शन दिन यो पुस्तकले केहिं हदसम्म सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छुं।

मलाई अंगुलिमालको कथा असाध्यै मनपर्छ। कैयौं शैन्यबलले पनि दमन गर्न नसकेको अंगुलिमाल डाकूलाई भगवान बुद्धले बिना शस्त्र अस्त्र दमन गर्नुभयो। यहाँनिर अंगुलिमालको बारेमा केहीं कुरा लेख्न मन लागेको छ।

अंगुलिमाल जन्मजात हत्यारा डाकू होइन। कोही पनि व्यक्ति जन्मजातले हत्यारा हुँदैन। उसको बालकको नाम त 'अहिंसक' थियो। कुमित्रको षडयन्त्र र गुरूको बिवेकहीनताले गर्दा अहिंसक अंगुलिमाल डाकू बन्न पुगे। एकहजार मानिसहरूको हत्या गर्ने संकल्प लिएका अंगुलिमालले अन्तमा आफूलाई जन्म दिने आमालाई समेत मार्न पछि नपर्ने कुरा बुझ्नु भै भगवान बुद्ध अंगुलिमाललाई सही दिशा तर्फ



Downloaded from http://dhamma.digital

ल्याउन आफै अग्रसर भई जंगलको बाटो लाग्नुभयो। सुनसान जंगलमा भगवान बुद्ध एक्लै आएको देखि तं लाई काट्छु भन्दै भगवान बुद्धको पछि पछि दगुर्दा दगुर्दै थकित भई 'हे भिक्षु ! तं किन दौडिस् ?' भनि प्रश्न गर्दा 'म कहाँ दौडेको छुं र तिमी पो बेस्सरी दौडिरहेका छौं' भनि जवाफ दिनुभयो। यो कुरा सुनि "भिक्षु भएर पनि झुठा कुरा गर्छौ ?" भनी भगवान बुद्धलाई झुठो बोलेको आरोप लगायो। भगवानले कुरा स्पष्ट पार्दै भन्नुभयो - "म संसारलाई जानेर स्थिर भैसकेको छुं। तिमी त संसारलाई बुझ्न नसकेर अन्धकारमा दौडिरहेको छौ।"

भगवानको उपरोक्त वचनले अंगुलिमालको आँखा खुल्यो। अंगुलिमाल झसङ्ग भई बुद्धको पाऊ परि भने – "मलाई अघोर नरकबाट हजुरले बचाई दिनुभएकोमा कोटी कोटी वन्दना छ। मलाई शरणमा लिनुहोस् भनि अंगुलिमाल बुद्धको शरणमा गए। यहाँनिर भन्न मन लागेको कुरा के छ भने हामीले महाभारत, रामायण, महादेव, विष्णु , गणेश, कुमार, दुर्गा, भगवती आदिका जीवनी कथाहरू पढ्ने, सुन्ने, हेर्ने बेलामा हरेक पटक अत्याचारीको दमन हत्या र हिंसाको बलले गर्दै आएको पाउछौं भने अंगुलिमालको जीवनी अध्ययन गर्दा अत्याचारीलाई हत्या र हिंसाको बलले नभै मैत्री र करूणाको बलले, अहिंसाको बलले दमन गरी शान्तिको मार्गमा अग्रसर गराउन सफल भएको देखिन्छ।

भगवानबुद्धले उपदेश गर्नु भएको छ कि –

नहि वेरेन वेरानि सम्मन्ती ध कुदाचनं
अवेरे न च सम्मन्ति एसधम्मो सनन्तनो ॥
(धम्मपद, यमकवग्ग गा.नं. ५)



Downloaded from http://dhamma.digital

शत्रुलाई शुत्रभावले होइन मित्रताको भावले शत्रुता समाप्त गर्नुपर्छ। यहीं नै सनातन देखि चलि आएको धर्म हो।

हामीले धार्मिक ग्रन्थहरू अध्ययन गर्दा यहीं नै कुरा प्रमाणित हुन आएको पाउँछौं। हत्या र हिंसाले सधैं बदलाको भाव जन्माउँछ र त्यसले सधैं अशान्ति नै सृजना गरेको हुन्छ।

वास्तवमा भगवानले अंगुलिमाललाई यो जन्ममा मात्र नभई पूर्व जन्ममा पनि बचाउनु भएको थियो। त्यस बखत अंगुलिमाल काशी नरेश ब्रम्हदत्त भई जन्म लिएको थियो भने भगवान बुद्ध कुरू नरेश सुत्तसोम भई जन्मनु भयो। दिनहुँ मासु खाने आदत परेका ब्रम्हदत्तले एकदिनैं मानिसको मासु समेत खान पुगे। मान्छेको मासु खान पल्केका उनले धमाधम जनताको प्राण हरण गर्नपुगे। यो कुरा थाहापाई जनता र सेनापति मिलेर उनलाई देश निकाला गरे। देश निकाला पश्चात जंगलमा बस्दा पनि मान्छेको मासु खान छोडेनन्। यसै क्रममा सुत्तसोम राजालाई समेत अपहरण गरी मार्नै लागेको थियो। त्यस बखत सुत्तसोमले एकजना ब्राम्हणको मुखबाट काश्यप बुद्धका बचन सुन्ने वाचा गरेका थिए। सोही वाचा पुरा गरी पुनः फर्कनेछु भनि आग्रह गरे। बालककाल देखिको साथी भएको र उनको वचनमा विश्वास गर्ने आधार भएकोले नरभक्षक ब्रम्हदत्तले सत्य करार गराई उनलाई जान दिए। नभन्दै ब्राम्हणको मुखबाट गाथा सुनी सुत्तसोम फर्केर आए। बाघको मुखमा परेको शिकार फुत्केर निस्की पुनः बाघकै मुखमा फर्के झैं सुत्तसोम फर्केर मृत्युको मुखमा आएको देखि नरभक्षक ब्रम्हदत्त साह्रै प्रभावित भई सुत्तसोमले सुनेका काश्यप बुद्धको वचन सुन्न लालायित भयो। सुत्तसोमले गाथा सुनाई उपदेश दिई नरभक्षकको उद्धार गर्नुभयो।



Downloaded from http://dhamma.digital

यसप्रकार अंगुलिमालको जीवन कथाले के कुरा स्पष्ट पारेको छ भने हिंसा, हत्या र शत्रुता समाप्त गर्नु छ भने शस्त्रको बलले होइन, मैत्री र करूणाको बलले हृदय परिवर्तन गरेर शत्रुता समाप्त गर्नुपर्छ।

पुस्तक अनुवाद गर्नु , प्रकाशन गर्नु भनेको सरल कुरा होइन। यसमा धेरै व्यक्तिहरूको सेवा र सहयोग अपरिहार्य छ। आफ्नो कार्य व्यस्तता र अस्वस्थताको बावजुद पुस्तक प्रकाशनार्थ अनुवाद गरी प्रुफ समेत हेरिदिनुहुने श्री दोलेन्द्ररत्न शाक्यज्यू प्रति असीम आभार व्यक्त गर्न चाहन्छुं। छोटकरीमा मीठो भाषामा शुभकामना सन्देश दिनु भएकोमा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरज्यू प्रति कोटि कोटि वन्दना गर्दछुं। यस पुस्तकका पूर्व लेखक श्री धर्मरत्न शाक्य 'त्रिशुली' पनि धन्यवादका पात्र हुनुहुन्छ। वहाँले शुरू गर्नुभएको अभियानलाई होस्तेमा हैंसे गर्ने काम मात्र यस पुस्तकले गरेको छ।

यस पुस्तक प्रकाशनार्थ सहयोग गर्नुहुने श्री बुद्धरत्न शाक्य, नागबहाल, पुस्तकको कभर डिजाईन आर्ट गर्ने श्री बुद्ध रत्न शाक्य, न्याखाचुक, कम्प्यूटर टाइप गर्ने श्री बालकृष्ण महर्जन र प्रेस परिवारलाई धन्यवाद दिंदै आफ्नो प्रकाशकीय मन्तव्य यहिं टुङ्ग्याउन चाहन्छुं।

**भवतु सब्ब मंगलं।**

**प्रकाशक**
२३ पौष २०५९
**कृष्ण बहादुर नकर्मी**
सानेपा
फोन नं. ५२५०६०



Downloaded from http://dhamma.digital

# अंगुलिमाल

## (वर्तमान एवं अतीत कथा)

अंगुलिमालको कथा सुनेका सबैले 'अंगुलिमाल' भन्ने नाम सुन्नेबित्तिकै एक भयानक नरघातक पापी डाँकुलाई सम्झन पुग्दछन् । साथै कसैले पनि दमन गर्न नसकेको व्यक्तिलाई उपाय कुशलद्वारा कुनै पनि शस्त्र प्रयोग नगरी दमन गरी उसलाई असल बाटोमा अग्रसर गराउनुहुने भगवान बुद्धलाई पनि स्मरण गर्न पुग्दछन् ।

## अहिंसक अंगुलिमाल

### (वर्तमान कथा)

पच्चीससय वर्षअघि कोसल राज्यमा प्रसेनजित राजाले राज्य गरिरहेका थिए । त्यस राजाका राजपुरोहित अन्तक ब्राम्हणको स्त्री



Downloaded from http://dhamma.digital

मन्तानीले गर्भधारण गरेकी थिइन्। दश महिना बितेपछि एक रात सबै अङ्ग प्रत्यङ्गले सम्पन्न सुन्दर पुत्ररत्नको जन्म भयो। त्यस बालक जन्मनासाथ सम्पूर्ण देशमा भएभरका शस्त्रास्त्र आँखै तिर्मिराउने गरी प्रकाशमान भए। राजपुरोहितले नक्षत्र विचार गर्दा त्यो बालक भविष्यमा डाँकु हुन्छ भन्ने कुरा बुझे। उसले आफूलाई भविष्यमा दोष नआओस् भनी कोसल राजाकहाँ गई सम्पूर्ण कुरा बताए। राजाले सोधे – 'यही एउटा बच्चा मात्र डाँकु बन्छ कि अन्य पनि ?' पुरोहितले भने – "यही एउटा बच्चा मात्र डाँकु बन्छ, अहिल्यै यसलाई के गर्नुपर्छ गरिबक्स्योस्।" यो कुरा सुनेर राजाले भने –"बिना अपराध कसैलाई सजाय गर्नु राजधर्म होइन। यो एउटा बच्चा डाँकु भइ नै हालेमा पनि मेरो राज्यमा केही हानी हुँदैन। पछिको शंकाले सशंकित बनी अहिले नै दण्ड दिनु न्यायोचित हुँदैन। त्यसैले यस बच्चालाई असल शिक्षा-दिक्षा दिई राम्रो संगत गराऊ।" भनी राजाले सल्लाह दिए।

आफू राजाको तर्फबाट निश्चिन्त भएपछि पुरोहितले त्यस बच्चालाई राम्ररी लालन-पालन गरी ठूलो पारे। नामाकरण गर्दा पनि यो बच्चालाई हिंसाकर्मबाट विरत गराउनुपर्छ भनेर 'अहिंस्रक' भनेर नामाकरण गरे।

त्यस बच्चा क्रमशः ठूलो हुँदै आएपछि ब्राम्हणले विचार गर्‍यो – 'यसलाई मैले शस्त्र विद्या सिकाउनुभन्दा टाढाको गुरूकुलमा पठाई विद्या अध्ययनको लागि पठाउनु ठीक पर्ला। यसरी यसले विद्या-अध्ययनमा प्रयत्न गरेमा सज्जनहरूको संगत पनि मिल्ला अनि जाति र पदको अभिमान पनि फस्टाउने छैन।" यति विचार गरेर उसलाई शिल्प विद्या सिक्न तक्षशिलामा पठाइदिए।

त्यहाँ पुगेर अहिंस्रक प्रमुख आचार्यकहाँ धम्मेन्तेवासिक भएर गुरूको सेवा चाकरी गरेर गुरूको विश्वासपात्र बनी विद्या अध्ययन गरे। अहिंस्रक कुमार व्रतसम्पन्न, आज्ञाकारी, प्रिय, सदाचारी र



Downloaded from http://dhamma.digital

प्रियवादी भएको कारणले गुरूको अत्यन्त प्रिय शिष्य भयो। अहिंसकको राम्रो व्यवहारले गर्दा गुरूले पनि अत्यन्त स्नेहपूर्वक आफ्नै छोरा समान बनाई नाना प्रकारका शिल्प विद्या सिकाए। अरूभन्दा तीक्ष्णबुद्धि भएकोले उनलाई अरू कसैले कुनै कुरामा पनि नीचा देखाउन सकेन। त्यसैले अरू सबै ऊदेखि क्रुद्ध थिए। उसको ईर्ष्या गर्दथे।

एकदिन उनीहरूले आपसमा सल्लाह गरे – "अहिंसकलाई कसरी गुरूबाट अलग्याउने ? ऊ आएदेखिन् गुरूले हामीहरूलाई राम्ररी सिकाउनु पनि भएन, गुरू-सेवा गर्ने मौका पनि दिनुभएन। हामी शिष्यहरूमध्ये ऊ मात्र गुरूको प्रियपात्र बनेको छ। यसलाई मूर्ख भनौं भने पनि हामीभन्दा यो जान्नेसुन्ने छ। अल्छी भन्नलाई पनि उसले आवश्यक काम आवश्यक समयमा पूरा गरेकै छ। उसलाई कसरी कामचोर भन्न मिल्ला ? कुजात हो भन्नलाई पनि ऊ उच्च ब्राम्हण कुलमा जन्मेको हो। अब यसलाई के गर्ने ?"

त्यसबेला एकजनाले भन्यो – "मित्रहरू ! अहिंसकलाई अन्य उपायले गुरूसित वियोग गराउन सकिंदैन। साँच्चै नै उसलाई गुरू-वियोग गराउने हो भने मसँग एउटा उपाय छ। त्यो उपाय के हो भने - उसलाई गुरूमाँसँग अनैतिक सम्बन्ध रहेको कुराको चुक्ली लगाउन सकियो भने गुरूसँग उनको वियोग हुन सक्दछ। ऊ गुरूको परिवारमा प्रिय भएर उसले सबैतिर प्रवेश पाएको छ। यसरी चुक्ली गरेमा पत्यार गर्ने ठाउँ पनि छ। तर यो कुराको सुराक हामी कसैले कसैलाई दिएको पाइएमा उसलाई हामी बाँकी राख्ने छैनौं।" यति सल्लाह भएपछि उनीहरू तीन समूहमा विभक्त भए। पहिलो एक समूह गुरूकहाँ गएर वन्दना गरी एक छेउ उभिए।

गुरूले किन आयौ भनेर सोध्नेवित्तिकै उनीहरूले भने – "गुरूजी ! यस घरमा एउटा अनर्थ भइरहेको छ। त्यो के हो भने गुरूजीको विश्वासपात्र भएर बसेको अहिंसकले गुरूजीको अन्तपुर



Downloaded from http://dhamma.digital

दूषित गरिरहेको छ ।"

गुरूजीले उनीहरूको कुरा सुनेर कुपित भई गाली गरी भन्यो – "चण्डाल मूर्खहरू ! जाओ यहाँबाट अहिल्यै ! तिमीहरू म र अहिंस्रकको बीचमा फाटो ल्याउन आएका हौ, गइहाल यहाँबाट ।" उनीहरू टाउको निहुराएर लुरूलुरू फर्के । दोस्रोपल्ट अर्को समूह पनि गुरूजीकहाँ गएर यस्तै कुरा गर्न गए । उनीहरूलाई पनि गुरूले हप्काई पठाए । फेरि तेस्रो समूह गएर भन्यो – "गुरूजी ! हामी तपाईका शिष्य हौं । तपाईंको आश्रम दूषित भएको टुलुटुलु हेर्नु हाम्रो कर्तव्य होइन । यदि हाम्रो कुरा पत्याउनु हुन्न भने आफैले परीक्षा गरिहेर्नुहोस् ।"

तीनवटै समूहले परीक्षा गरिहेर्ने भन्ने अनुरोध गरेपछि गुरूजीले परीक्षा गरिहेर्ने विचार गऱ्यो । पहिलेदेखि विश्वास गरिराखेको र अन्तपुरमा भित्र बाहिर गर्ने र आफ्ना स्त्रीहरूसँग हेलमेल गरी स्नेहपूर्वक कुराकानी गरी काम गर्नेलाई उल्टो दृष्टिले बुझी नराम्रो संसर्ग भएको पक्कै हो भन्ने मनमा लियो । शिष्यहरूको चुक्लीमा विश्वास गरी रिसले चूर भई यसलाई मार्छु भन्ने विचार गऱ्यो । फेरि अर्को मनले भन्यो मैले यसलाई यसरी मारें भने लोकले मलाई निन्दा गर्नेछ । विद्या अध्ययन गर्न आउने आफ्ना शिष्यहरूलाई दोष लगाई हत्या गर्दोरहेछ भनी पछि कोही पनि मकहाँ पढ्न आउने छैनन् । यसरी त मेरो लाभ सत्कार नष्ट नै हुन्छ । अतः उनले विचार गऱ्यो – 'यसलाई अरू अमूल्य मन्त्र विद्या सिकाउने र गुरू दक्षिणाको निहुँमा एक हजार मानिसको चोर औंलाको माला बनाएर ल्याऊ भनी भन्छु । उसले चोर औंलाको लागि मानिसहरूको हत्या गर्नेछ अनि एक न एक जनाले यसको पनि हत्या गरिदिने छ ।'

यति निश्चय गरेपछि उनले अहिंस्रकलाई बोलाएर भन्यो – "अहिंस्रक ! तिमीले मेरो जुन जसरी सेवा गऱ्यौ त्यसमा म साह्रै प्रशन्न भएको छु । अब तिम्रो विद्या अध्ययन पनि प्रायः पूरा भइसकेको छ ।



Downloaded from http://dhamma.digital

तिमी जात र कुलमा पनि उच्च छौ । त्यसैले तिमीलाई अरूलाई नसिकाएको अमूल्य मन्त्र विद्या पनि सिकाइदिने विचार गरेको छु। तर त्यस मन्त्र सिक्न एउटा ठूलो पूजाको आयोजन गर्नु छ। त्यो पूजाको समाप्तिपछि तिमीलाई त्यस मन्त्र सिकाइदिउँला । फेरि तिमीबाट गुरूदक्षिणा पनि पूर्ण हुनेछ।"

अहिंस्रकले त्यस पूजाको लागि के के चाहिन्छ के के गर्नुपर्छ भनेर सोध्दा गुरूले भन्यो – "एक हजार जनाको चोर औंला चाहिन्छ।" अहिंस्रकले भन्यो – "हे आचार्य ! म अहिंस्रक कुलमा जन्मेको मान्छेले यस्तो काम कसरी गर्न सकुँला ?" गुरूले भन्यो – "त्यसो भए गुरू दक्षिणा विना तिम्रो विद्याको फल पनि हुनेछैन ।"

गुरूको यस्तो कुरा सुनेर पहिलेदेखि गुरूमा श्रद्धा–भक्ति भएको र गुरूको सेवा गरेर बस्ने भएकोले गुरूको वचनमा विश्वास राखेर ठूलो मन्त्र सिद्धि प्राप्त गर्ने धोको लिई साथै गुरू दक्षिणा पूर्ण गर्न पाँच प्रकारको शस्त्रास्त्र धारण गरी गुरूलाई वन्दना गरी नरघात गर्न जंगलतिर प्रस्थान गऱ्यो।

उसले जंगलमा, जंगलको माझमा र जंगल छिचोल्ने स्थानमा लुकेर बसी ज-जसलाई फेला पार्छ त्यस-त्यसलाई समाती मार्दथ्यो। उसले मृतकको वस्त्र धन सम्पत्ति केही पनि ग्रहण गर्दैनथ्यो। मार्नासाथ उसको चोरऔंला काटी लिई लास छाडिदिन्थ्यो। यहीरूपले चोर औंला लुकाइ-राखेको ठाउँमा चोर औंलालाई मुसाले खाई वा चराहरूले टिपी यताउता पारिदिन्थे र औंलाहरू गायब हुन थाले। यो कुरा थाहा पाएर उसले ती औंलाहरूको माला बनाई घाँटीमा झुण्ड्याई हिड्न थाल्यो। त्यस बेलादेखि मानिसहरू उसलाई 'अंगुलिमाल' भन्ने नामले चिन्न थाले र त्यही नामले ऊ प्रसिद्ध पनि भयो ।

यसरी अंगुलिमालले भेटेका जतिलाई काट्दै मार्दै गर्दा घाँस काट्न र दाउरा खोज्न जानेहरू कोही पनि त्यस जंगलमा गएनन्।



Downloaded from http://dhamma.digital

यसरी जंगलको बाटो आउने मानिसहरू नभएपछि अंगुलिमाल राती गाउँको घर-घरमा गई ढोका जबरजस्ती खोली सुतिरहेका नर नारीहरूलाई मारी चोर औंला काटी लैजाने गर्न थाल्यो । गाउँलेहरू सबै मिली अंगुलिमाललाई समात्न खोजे तर उसले तलवार घुमाई दौड्दा कोही पनि उसको अगाडि टिक्न सक्दैनथे । कसैले उसलाई भेट्टाउन सक्दैनथे । त्यसैले साना-साना गाउँमा बसोबास गर्नेहरू ठूलठूला गाउँमा बसाइ सर्न थाले । त्यहाँ पनि भय भएपछि जनपदमा गएर बस्न थाले । जनपदबाट पनि नगरमा बसाइ सर्न थाले । तीन योजन वरिपरिका मानिसहरू आफ्ना घर छाडी आफ्ना घर परिवार लिएर श्रावस्तीमा डेरा गरी बस्न थाले ।

एकदिन ती सबै राजद्वारमा गएर कोलाहल गरी चिच्याए । राजाले कोलाहल सुनेर के भो भनेर सोध्दा उनीहरूले बिन्ती गरे – "महाराज ! तपाईंको राज्यमा 'अंगुलिमाल' भन्ने डाँकु एकजना उत्पन्न भयो । उसले गाउँका गाउँ नैं विनाश गरिसक्यो । गाउँ सबै शुन्य भइसक्यो । निगम अनिगम र जनपद अजनपद भइसक्यो । ऊ मान्छे मार्दै चोर औंला काट्दै माला लगाएर हिंड्छ । महाराज ! उसलाई रोकिपाऊँ ।"

राजाले उनीहरूको कुरा सुनेर भन्यो – "प्रजागण ! यो कुरा मैले पहिले नै थाहा पाएको भए तिमीहरूलाई यति दुःख हुँदैनथ्यो । अब मैले थाहा पाएँ । तिमीहरूले केही धन्दा नमान । तिमीहरू आरामसाथ बस । मैले शुरवीर सैनिकहरू पठाई अंगुलिमाललाई गिरफ्तार गर्न पठाउँछु ।"

राजाको कुरा सुनेर जनताहरू सन्तुष्ट भई फर्के । अंगुलिमालको आमा मन्तानीले पनि अंगुलिमाल भन्ने डाँकु आफ्नै छोरा हो भन्ने कुरा बुझिन् । आफ्नो पुत्रलाई राजपुरूषहरूले गिरफ्तार गर्लान् र मार्लान् भन्ने विचारले तिनले ब्राम्हणसित भनिन् – "हे ब्राम्हण, कृपया



Downloaded from http://dhamma.digital

तपाई गएर छोरालाई फकाई फुल्याई लिएर आउनुहोस् ।" तर ब्राम्हणले यो कुरा स्वीकार गरेन । मातृ ममताले प्रभावित त्यस ब्राम्हणीले आफ्नो पतिले रोक्दारोक्दै पनि मेरो छोरालाई सैनिकहरूले पिटेको, मारेको हेर्न सक्दिन भन्दै जंगलतर्फ लागिन् ।



Downloaded from http://dhamma.digital

# अंगुलिमाल दमन

त्यसताका भगवान् बुद्ध श्रावस्तीमा अनाथपिण्डिक महाजनले निर्माण गरिदिएको जेतवन विहारमा विराजमान हुनुभएको थियो । तथागतले पूर्वान्ह समयमा आज मेरो उपदेश सुनेर सांसारिक दु:खले मुक्त हुन सक्ने को छ भनेर महाकरूणा समापत्ति ध्यानले हेर्नुभयो र गुरूको विश्वासमा परेर महामन्त्र सिद्ध गर्न र गुरूदक्षिणाको निम्ति नरसंहार गरिरहेको अंगुलिमाललाई देख्नुभयो । पुत्रस्नेहले व्याकुल भई पुत्रलाई लिएर आउँछु भनी जंगलतर्फ गइरहेकी मन्तानी ब्राम्हणीलाई पनि देख्नुभयो अनि विचार गर्नुभयो - 'यदि आज अंगुलिमालकहाँ म गइन भने अंगुलिमालले मातृहत्या गर्नेछ र अनन्त कालसम्म दु:ख भोग गर्नेछ ।' उसलाई एउटा गाथा उपदेश दिनेवित्तिकै उसको पुण्य सम्भारको पर्दा खुल्ने र चतुरार्य सत्यलाई उत्निखेरै बुझ्लिन सक्ने क्षमता उसमा भएको कुरालाई पनि ज्ञात गर्नुभयो । '

करूणाको खानी हुनुभएका, मनुष्य देवहरूलाई दमन गर्न अनुपम सारथि समान हुनुभएका तथागतले श्रावस्तीमा भिक्षाटन गरिसकेपछि एक्लै अंगुलिमाल रहेको जंगलतर्फ प्रस्थान गर्नुभयो । बटुवाहरू र त्यस गाउँका बासिन्दाहरूले तथागतलाई एक्लै त्यस जंगलमा जानुभएको देखेर वन्दना गरी भने – "यस बाटोबाट कता पाल्नु हुन्छ ? त्यस जंगलमा अंगुलिमाल भनिने भयंकर डाँकु छ उसले भेट्टाएका सबैलाई बाँकी राख्दैन । उसलाई काबुमा लिन १०।२०।३०।४०।५० जना मानिसहरू लागे पनि उसकै हातको शिकार हुन्छन् । उसलाई कसैले केही गर्न सक्दैन । त्यसैले तथागत यस बाटोबाट नजानुहोला ।"



Downloaded from http://dhamma.digital

भगवानले उनीहरूले भनेको कुरा सुनेको नसुनेझैं गरी अगाडि बढ्नुभयो । अंगुलिमाल र ब्राम्हणी दुईजनाको बीचको फासलामा ओहर दोहर गरिरहनुभयो। अंगुलिमालले वन नै घन्किने गरी चिच्याएर आइरहेकी एक स्त्रीलाई टाढैबाट देख्यो। अब यिनै स्त्रीलाई मारी अपूर्ण औंलाको मालालाई पूर्ण गरी गुरूदक्षिणा पूर्ण गर्नुपर्ला भनी ढाल तलवार लिई वेगले त्यस स्त्री भए ठाउँ दौड्यो। त्यसैबेला तथागत बीचमा आएर उभिनुभयो । एक्कासी एक सन्यासीलाई देखेर अंगुलिमालले विचार गऱ्यो – 'अहो, यस बाटोमा १०।२०।३०।४०।५० जनासम्मको जमात आउँदा त मेरो हातबाट बच्न सकेन भने आज यो श्रमण एक्लै मलाई जिस्क्याउने उद्देश्यले आउँदैछ। त्यसैले अब मैले त्यस स्त्रीलाई छाडी यस श्रमणलाई नै मारी औंलाको संख्या पुऱ्याउनुपर्ला'। यति सोचेर ऊ तथागत समक्ष दौड्यो। तथागतले पनि आफ्नो ऋद्धिको बलले अंगुलिमालले भेट्टाउन नसक्ने गरी भूमि चलायमान गरिदिनुभयो । बेगले दौडेर पनि बिस्तारै बढ्नुभएको तथागतलाई भेट्टाउन नसकी स्वां स्वां गर्दै थकित भयो । उसले बिचार गऱ्यो – 'आश्चर्य हो ! अद्भुत हो ! पहिले मैले लम्किरहेको हात्तीलाई, घोडालाई, रथलाई, मृगलाई भेट्टाउन सक्थें तर आज बिस्तारै हिंडिरहेको यस श्रमणलाई भएभरको बल बेगले पनि भेट्टाउन सकिन ।' यति सोची अड्रेर भगवानतिर फर्केर भन्यो – "पर्ख, हे श्रमण, अड ।"

तथागतले भन्नुभयो – "अंगुलिमाल ! म त अडि नै रहेको छु, तिमी मात्र बेगले दौडिरहेछौ ।"

अंगुलिमालले विचार गऱ्यो – 'यो शाक्यपुत्र श्रमण सत्यवादी सत्य प्रतिज्ञ हुनुपर्नेमा यसले त हिंडिरहे पनि अडिरहेछु भनेर भन्यो ।' अनि अंगुलिमालले भगवानलाई सोध्यो – "हे श्रमण, तिमी आफू हिंडिरहेका छौ तर भन्दैछौ – अडिरहेछु ; म अडिरहेछु तर तिमी भन्दैछौ – म दौडिरहेछु । अतः हे श्रमण ! तिमी कसरी अडिरहेको हुनसक्छौ ? जवाफ देऊ ।"



Downloaded from http://dhamma.digital

तथागतले भन्नुभयो – "हे अंगुलिमाल ! म प्राणीहरूप्रति हिंसादि दुराचार कर्म नगरी दण्ड दिने काम त्यागिसकेको भएर स्थिर भइरहेको छु भनेको हुँ। तिमी प्राणीहरूप्रति संयम नभएको भएर स्वर्ग नर्क आदि स्थानमा घुमफिर गर्नुपर्ने काम गरिरहेकोले तिमीलाई अस्थिर भएर दौडिरहेको भनेको हुँ।"

अनि अंगुलिमालको मनमा पहिलेको पुण्य सम्भार भएकोले यसकुराले च्वास्स बिभ्झायो। अनि पश्चाताप गऱ्यो। यस्तो सारयुक्त गम्भीर धर्म त धारण गर्नैपर्ने हो। सत्यासत्य जान्ने धर्मोपदेश दिनसक्ने यो मान्छे साधारण होइन। मलाई अत्याचारको खाडलमा जाकिरहेको देखेर करूणा राखी उपकार गर्न नै यहाँ आएको होला भन्ने सोची औंलाको माला र ढाल तलवार धनुष तीर फालेर तथागतको चरण कमलमा परेर प्रार्थना गऱ्यो – "मैले तपाई महर्षिलाई पूजा गर्न ढिलो गरें। मलाई यस महावनमा तपाईंको दर्शन लाभ भयो। मैले तपाईंको धर्मयुक्त कुरा सुनें। अब अहिलेदेखि मैले गर्दैआएको पापकर्म त्याग गर्ने भएँ। भगवान ! मलाई क्षमा गरिदिनुहोला।"

तथागतले पनि उसलाई अनेक धर्मोपदेश सुनाउनुभयो। अंगुलिमालले पनि धर्मलाई यथार्थरूपले बुझिलियो। अनि, भगवानसँग प्रार्थना गऱ्यो – "भगवान ! मलाई शरणमा लिनुहोस्।"

भगवानले 'एहिभिक्खु' आऊ हे भिक्षु भनेर अंगुलिमाललाई सम्बोधन गर्नेवित्तिकै गृहस्थी-भाव छुटेर कपाल दाढी सबै गायब भयो अनि चीवर पात्र धारण गरेको भिक्षु-भाव उत्पन्न भयो।

अनि भगवानले आयुष्मान अंगुलिमाललाई पछिपछि लगाएर श्रावस्तीमा चारिका गर्दै अनाथपिण्डिक महाजनले बनाइदिएको जेतवन विहारमा फिर्नुभयो।



Downloaded from http://dhamma.digital

# अंगुलिमाल र राजा प्रसेनजित

कोसल नरेश प्रसेनजित पाँचसय घोडचढी सैनिकहरूका साथ मध्यान्ह कालमा श्रावस्तीको जेतवन आरामतर्फ गए। जहाँसम्म रथ जान सक्छ त्यहाँसम्म रथमा र बाँकी बाटोमा पैदल गई भगवान बुद्धलाई भेट्न गए। भगवानलाई अभिवादन गरी एकातिर बसे। भगवानले प्रसेनजितलाई भन्नुभयो – "किन महाराज! मगधको राजा श्रेणिक विम्बिसार तिमीदेखि रिसाए कि अथवा बैशालीका लिच्छविहरू? अथवा अरू विरोधी राजाहरू तिमीदेखि क्रोधित भए कि?"

"भन्ते! मदेखि न मगधको राजा, न वैशालीको लिच्छविहरू न कोही विरोधी राजाहरू रिसाएका छन्। भन्ते! मेरो राज्यमा हिंसाकर्ममा संलग्न, भयंकर अंगुलिमाल भन्ने निर्दयी डाँकु एकजना छ। उसले गाउँ, निगम, जनपद सबै ध्वस्त नष्ट गरिसक्यो। उसले मानिसहरू मारी औंलाको माला बनाई लगाइहिंड्छ। भन्ते! म उसैलाई गिरफ्तार गर्न गइरहेको छु।" भगवानले भन्नुभयो – "महाराज! यदि अंगुलिमाल कपाल, दारी, जुँगा खौरी काषाय वस्त्र लगाएर प्रवजित भई, प्राणीहिंसा, चोरी, झूठ बोल्नबाट विरत भएर एकछाकी भएर ब्रम्हचारी भई शीलवान धर्मात्मा भइसकेको भए तिमी उसलाई के गर्छौ?"

राजाले भने – "भन्ते! त्यसो हो भने म प्रत्युपस्थान गर्दछु, आसनको लागि निमन्त्रणा गर्दछु, चीवर, पिण्ड पात्र शयनासन गिलान प्रत्यय भैषज्य परिष्कारद्वारा निमन्त्रण गर्दछु। उहाँको धर्मलाई रक्षा गर्दछु। तर भन्ते त्यस्तो दुष्शील पापीसँग यति संयम कहाँ सम्भव हुन्छ र?"



Downloaded from http://dhamma.digital

त्यसबेला आयुष्मान अंगुलिमाल भगवानको नजिक बसिरहेका थिए। भगवानले उसको पाखुरा समाई राजा प्रसेनजितलाई भन्यो – "अंगुलिमाल भन्ने यिनै हुन्।"

यो सुनेर प्रसेनजित छक्क परे। उनको रोम-रोम ठाडो-ठाडो भयो। भगवानले राजा प्रसेनजितलाई भन्नुभयो – "महाराज! नडराउनुहोस्। अब यसको तर्फबाट तिमीलाई केही भय छैन।" यति सुनेपछि राजा प्रसेनजितको भय र स्तब्धता विलीन भयो। राजा प्रसेनजीतले अंगुलिमालसँग भने – "तपाईं नै अंगुलिमाल हुनुहुन्छ?"

"हो, महाराज।"

"तपाईंको पिता र माता कुन गोत्रका हुन्?"

"महाराज! पिता गार्ग्य अनि माता मैत्रायणी हुन्।"

"आर्य गार्ग्य, मैत्रायणी पुत्र अभिरमन गर्नुहोस्। आर्य गार्ग्य मैत्रायणी पुत्रलाई चीवर, पिण्डपात्र, शयनासन, गिलान प्रत्यय भैषज्र्य परिष्कारद्वारा म सेवा गर्दछु।"

त्यसताका आयुष्मान अंगुलिमाल आरण्यक जंगलमा बस्ने, पिण्डपातिक भिक्षा लिएर मात्र खाने, फ्याँकिराखेको कपडाको मात्र चीवर लगाउने त्रिचीवरक अथवा तीनवटा मात्र चीवर धारण गर्ने नियम पालन गरी बसेका थिए। त्यसैले आयुष्मान अंगुलिमालले कोसल नरेश प्रसेनजितलाई भने – "महाराज! मसंग तीनवटा चीवर पहिलेदेखि छ।"

राजा प्रसेनजित भगवानकहाँ गएर भने – "आश्चर्य भन्ते! अद्भूत हो भन्ते! कसरी भन्ते! भगवान तपाईंले दमन गर्न कठीन अदान्तहरूलाई दमन गर्नुभयो, अशान्तहरूलाई शान्त गर्नुभयो, परिनिवृत नभएकाहरूलाई परिनिर्वाण गराइदिनुभयो। भन्ते! जसलाई हामीले दण्डद्वारा, शस्त्रद्वारा दमन गर्न सकेनौं त्यस्तोलाई भन्ते!



Downloaded from http://dhamma.digital

तपाईंले दण्ड नदिई, शस्त्र प्रयोग नगरी दमन गर्नुभयो। धन्य भन्ते! अब बिदा हुन्छु।"

भगवान – "महाराज! समय बिचारी काम गर।"



Dhamma.Digital

Downloaded from http://dhamma.digital

# अंगुलिमालको सत्यक्रिया

एकदिन आयुष्मान अंगुलिमाल एकाबिहानै चीवर धारण गरी पात्र लिई श्रावस्तीमा पिण्डाचार गर्न गए। श्रावस्तीमा भिक्षाटन गरिरहेको बेला एकजना मूढगर्भी (प्रसववेदना खपिरहेकी) आइमाईलाई देखे। तिनलाई देखेर मनमा विचार गरे – 'हाय ! प्राणीहरूले कसरी दुःख पाइरहेका छन्।' भिक्षाटन सकिएर उनी भगवान बुद्धकहाँ गए र अभिवादन गरी एक कुनामा बसे। उनले भगवान बुद्धलाई भने – "भन्ते ! म आज बिहानै चीवर र पिण्डपात्र धारण गरी श्रावस्तीमा पिण्डाचार गर्न गएँ। त्यहाँ मैले एकजना मूढगर्भी आइमाईलाई देखेर मैले सोचें – प्राणीहरू संसारमा कसरी र कतिका दुःख पाइरहेका छन्।"

भगवानले भन्नुभयो – "त्यसो भए अंगुलिमाल ! तिमी त्यस आइमाईकहाँ जाऊ। त्यहाँ गएर त्यस आइमाईलाई भन – बहिनी, म जन्मेदेखि थाहा पाई पाई कुनै पनि प्राणीको हत्या गरेको छुइन। त्यसैले यस सत्यको प्रभावले तिम्रो र गर्भको मंगल होस्। अर्थात् सुखपूर्वक प्रसव भइजाओस्।"

भगवानको कुरा सुनेर अंगुलिमालले भन्यो – "भन्ते ! यो त मैले सरासर झूठ बोल्नेजस्तै भयो ? भन्ते ! मैले ज्ञानले थाहा पाई पाई धेरै प्राणीहरूको हत्या गरेको छु।"

"अंगुलिमाल ! उसो भए तिमी त्यस आइमाईकहाँ गएर भन्नु – "बहिनी, म आर्य भएर पुनर्जन्म पाएपछि थाहा पाई पाई प्राणीवध गरेको छुइन। यस सत्य वचनको प्रभावले तिम्रो र तिम्रो गर्भको कल्याण होस्।"



Downloaded from http://dhamma.digital

त्यसपछि 'हवस् ।' भनेर आयुष्मान अंगुलिमाल त्यस आइमाईकहाँ गएर भगवानले भन्नुभएझैं भन्यो –

**"यतोहं भगिनि अरियाय जातिया जातो नाभि जानामि सञ्चिच्च पारगं जीविता वोरोपेता, तेत सच्चेन सोत्थिते होतु सोत्थि गब्भस्स ।"**

यति सत्यक्रिया गर्नासाथ त्यस आइमाईलाई जुन प्रसववेदना भइरहेको थियो त्यो शान्त भएर शिशुको जन्म भयो । आमा र बच्चा दुवैको मंगल भयो ।

आयुष्मान अंगुलिमाल एकान्तबासी भएर अप्रमत्त उद्योगी र संयमी बनी विहार गरेर धेरै समय नबित्दै सर्वोत्तम ब्रम्हचर्य फल 'निर्वाण'को त्यही जन्ममा साक्षात्कार गरे । उनको जन्म क्षय भयो, ब्रम्हचर्य पालन पूर्ण भयो । गर्नुपर्ने सबै काम सम्पूर्ण भए, अब गर्नुपर्ने केही बाँकी रहेन भन्ने ज्ञान प्राप्त भयो । आयुष्मान अंगुलिमाल अर्हतत्व फलमा प्रतिष्ठित भए । उनी सम्पूर्ण दोषले मुक्त भए ।

एक दिन आयुष्मान अंगुलिमाल पूर्वाम्ह चीवर पात्र धारण गरी भिक्षाको लागी श्रावस्ती पुगे । त्यसबेला हिर्काइल्याएको एउटा ईटले उनलाई लाग्यो । कसैले लट्ठीले पिट्यो त कसैले ढुंगाले हान्यो । यसले हाम्रो आमाको हत्या गऱ्यो, यसले हाम्रो पिताको हत्या गऱ्यो, यसले मेरो दाजुको, भाइको, दिदीको, बहिनीको हत्या गऱ्यो भनी मानिसहरूले ईट र ढुंगा उसमाथि बर्षाए । यसलाई अंगुलिमालले धैर्यपूर्वक सहन गरी रक्ताम्य भई, फुटेको टाउको लिई, टुक्राटुक्रा भएको पात्र लिई, फाटेको चीवर सहित भगवानकहाँ आए । भगवानले टाढैदेखि उनलाई यो हालतमा आइरहेको देख्नुभयो । उहाँले भन्नुभयो – "ब्राम्हण ! तिमीले कबुल गऱ्यौं ब्राम्हण ! जुन कर्म-फलको लागि सयौं हजारौं वर्षसम्म नरकमा दुःख पाउनुपर्ने थियो त्यस विपाकलाई हे ब्राम्हण ! यही जन्ममा भोग गरेर सिध्यायौ ।"

आयुष्मान अंगुलिमालले एकान्त ध्यानमा बसेर विमुक्ति सुख



Downloaded from http://dhamma.digital

अनुभव गर्दै यो उदान (प्रीति वाक्य) व्यक्त गरे –

जो पहिले प्रमादी भए पनि पछि अप्रमादी हुन्छ उसले बादलबाट निस्केको चन्द्रमाले झैं यस लोकलाई प्रकाशित गर्दछ ॥ १ ॥

जसले गरेका पापकर्मलाई पुण्यकर्मले छोपिदिन्छ त्यसले बादलबाट निस्केको चन्द्रमाले झैं यस लोकलाई प्रकाशित गर्दछ ॥ २ ॥

संसारमा जुन तन्नेरी भिक्षु बुद्धशासनमा लाग्दछ उसले . . . . ॥ ३ ॥

सबै दिशाकाले मेरो धर्मकथा सुनून् , सबै दिशाकाहरू बुद्धशासनमा लागून्, सन्तहरूले सबै दिशालाई सेवन गरून् किनकि तिनै सन्तहरू नै धर्मका प्रेरकहरू हुन् ॥ ४ ॥

सबै दिशाकाहरूले हामी शान्तिवादीहरूको र मैत्री प्रशंसकहरूको धर्मदेशनालाई बेला बखत सुनून् र त्यस अनुसार आचरण पनि गरून् ॥ ५ ॥

उनीहरूले मलाई वा अरू कसैलाई पनि हत्या नगरून् , परमशान्ति प्राप्त गरी स्थावर जंगमहरूलाई रक्षा गरून् ॥ ६ ॥

जसरी कुलो खन्नेले कुलो खनी पानी लैजान्छ, वाण बनाउनेले वाण बंग्याउँछ, सिकर्मीले आफूलाई चाहिएको आकारमा काठलाई प्रयोग गर्दछ त्यसरी नै पण्डितजनले आफूलाई तह लगाउँछ ॥ ७ ॥

कसैले दण्डद्वारा अरूको दमन गर्दछ, कसैले शस्त्रले वा कोर्राले अरूको दमन गर्दछ तर म तथागतबाट



Downloaded from http://dhamma.digital

दण्डबिना, शस्त्रबिना नै दमन भएको हुँ ॥ ८ ॥

पहिले हिंसक बनें अब म अहिंसक हुँ । आज यथार्थमा मेरो अहिंसक नाम सार्थक भयो । अब म कसैको पनि हिंसा गर्दिन ॥ ९ ॥

पहिले म अंगुलिमाल नामको प्रसिद्ध डाँकु थिएँ । रगतको पोखरीमा डुबिरहेको थिएँ । अहिले म बुद्धको शरणमा आएँ ॥ १० ॥

पहिले म अंगुलिमाल नामले मेरो हात रक्ताम्य थियो । अब म शरणागतलाई हेर । मेरो भवजाल च्यातिइसक्यो ॥ ११ ॥

दुर्गतिमा लैजाने धेरै नै कर्महरू गरेर कर्म विपाकले लखेटिएको थिएँ । अब म ती विपाकबाट उतीर्ण भएँ । तिनीहरूलाई निमित्यान्न गरिसकें ॥ १२ ॥

बालमूर्खजनहरू प्रमादमा भुलेर बस्दछन् तर बुद्धिमानहरूले अप्रमादलाई श्रेष्ठ धन सम्झेर रक्षा गर्दछन् ॥ १३ ॥

प्रमादमा नडुब । कामरतिको संगत नगर । अप्रमाद ध्यानमा लागेर मानिसले विपुल सुख प्राप्त गर्दछ ॥ १४ ॥

म यहाँ राम्ररी जानीबुझी नै आएको हुँ, नराम्रो नियतले होइन । यो मेरो दुर्मन्त्रणा होइन । धर्महरूमा श्रेष्ठ धर्म निर्वाणलाई मैले प्राप्त गरिसकें ॥ १५ ॥

स्वागत हो, दुरागत होइन । यो मेरो दुर्मन्त्रणा पनि होइन । तीन विद्यालाई प्राप्त गरिसकें, बुद्धशासनमा रत भइसकें ॥ १६ ॥

यसरी अंगुलिमालले प्रीतिवाक्य व्यक्त गरे । आयुष्मान



Downloaded from http://dhamma.digital

अंगुलिमालले अर्हतत्व प्राप्त गरे र उनी ८० जना महास्थविरहरूमध्ये प्रसिद्ध स्थविर कहलिए ।

त्यसबखत धर्मसभामा कुरा चल्यो – "आयुष्मानहरू ! अहो ! भगवानले त्यस्तो भयंकर रक्तपिपासु डाँकु अंगुलिमाललाई दण्ड र शस्त्र बिना नै दमन गर्नुभयो । अहो ! धन्य हो बुद्धको पुरूषार्थ !"

त्यसबेला भगवान शास्ता गन्धकुटीमा बस्नुभएको थियो । उहाँले यो चर्चा सुनेर विचार गर्नुभयो – 'आज म त्यहाँ जाँदा ठूलो उपकार हुनेछ । महान धर्मदेशना हुनेछ ।' यस्तो विचार गर्नुभएपछि अनुपम किसिमले बुद्धलीलाद्वारा धर्मसभामा पुग्नुभयो । राखिएको आसनमा बस्नु भई भन्नुभयो – "भिक्षुगण ! यसबेला तिमीहरू यहाँ के विषयमा चर्चा गरिरहेका छौ ?"

भिक्षुहरूले यथार्थ कुरा सुनाउनेवित्तिकै तथागतले भन्नुभयो – "भिक्षुगण ! मैले सम्बोधिलाभ गरिसकेपछि नै यसलाई (अंगुलिमाललाई) दमन गरें, यसमा केही आश्चर्य छैन । म पहिले बोधिचर्या गर्दै गरेको बेला प्रदेश-ज्ञान मात्र प्राप्त थिएँ । त्यसबेला पनि मैले यसलाई दमन गरेको थिएँ ।" यति भनेर तथागत चूप लागेर बस्नुभयो ।

भिक्षुहरूले बिन्ति गरे – "भगवान शास्ता ! तपाईंले अब सम्बोधि लाभ गरिसकेपछि अंगुलिमाललाई दमन गर्नुभएको कुरा त हामीले बुझ्यौं । कृपया पहिले गर्नुभएको दमनको बारेमा पनि बताइदिनुहोस् ।" यसरी प्रार्थना गरेको सुनेपछि शास्ताले अतीतको कुरा बताउनुभयो ।



Downloaded from http://dhamma.digital

# अंगुलिमालको अतीत कथा

उहिले कुरूराष्ट्र इन्द्रप्रस्थ नगरमा कोरव्य नाम गरेका राजाले धर्मानुसार राज्य गर्दथे । उनको महारानीको गर्भबाट बोधिसत्वको जन्म भयो । श्रुतधन भएको कारणले उनी सुत्तसोम नामले प्रसिद्ध भए । ठूलो भएपछि राजाले उनलाई शिल्पविद्या सिक्न तक्षशिलामा प्रसिद्ध आचार्यकहाँ पठाए ।

वाराणसी नरेशको छोरा ब्रम्हदत्त कुमारलाई पनि शिल्प विद्या सिक्न त्यहीँ पठाए। जाँदाजाँदै सुत्तसोम थकाइ मार्न नगरद्वारको सत्तलमा बसे। ब्रम्हदत्त कुमार पनि आएर त्यहीँ सँगै बस्यो। सुत्तसोमले उनलाई स्वागत गर्दै सोधे – "मित्र ! थकित भएर आयौ । कहाँबाट आयौ ?"

"वाराणसीबाट ।"

"कसका छोरा हौ ?"

"ब्रम्हदत्तको ।"

"नाम के हो ?"

"ब्रम्हदत्त कुमार ।"

"के उद्देश्यले आयौ ?"

"शिल्प विद्या सिक्न ।"

उनले सुत्तसोमसँग पनि सबै बेलिबिस्तार सोधे। सुत्तसोमले पनि सबै सुनाए। दुवै मित्र भए। उनीहरूले हामी क्षेत्रीय हौं। त्यसैले



Downloaded from http://dhamma.digital

एकै आचार्यकहाँ शिल्प विद्या सिक्ने छौं भनी निश्चय गरे।

नगर प्रवेश गरेर आचार्य कुलमा पुगी आचार्यलाई अभिवादन गरी आफ्नो परिचय दिएपछि उनीहरूले शिल्पविद्या सिक्न आएका कुरा बताए। आचार्यले स्वीकार गरे। उनीहरूले आचार्य भाग दिएर शिल्प सिक्न प्रारम्भ गरे। उनीहरूमात्र होइन जम्बुद्वीपका अरू १०० जना राजपुत्रहरू पनि त्यहीँ आचार्यकहाँ शिल्प विद्या सिक्न आएका थिए। सुत्तसोम ती सबै शिष्यहरू मध्ये जेष्ठ शिष्य भए। शिल्प विद्यामा ऊ छिटै नै पारंगत पनि भए। उनी कहीँ गएनन्। त्यहीँ बसे। 'मेरा मित्र' भनी उनले ब्रम्हदत्त कुमारलाई शिष्याचार्य भएर शिल्प सिकाउन थाले। अरूका पनि क्रमश: विद्या अध्ययन समाप्त भयो। उनीहरूले आचार्यलाई आ-आफ्नो देशमा आगमनको निमित्त निमन्त्रणा दिँदै सुत्तसोमलाई पनि प्रणाम गरी बिदा लिएर गए। सुत्तसोमले उनीहरूलाई बाटोसम्म गएर बिदाइ दिँदै भने – "तिमीहरूले आ-आफ्ना पितालाई शिल्प प्रदर्शन गरी प्रतिष्ठित हुनुपर्छ। प्रतिष्ठित भएपछि मैले भने अनुसार गर्नू।"

"त्यो के हो, आचार्य ?"

"पक्षको दिनमा र अमावश्या वा पूर्णिमाको दिन उपोसथ ब्रत गरी हिंसा कर्म नगर।"

बोधिसत्व (सुत्तसोम) अंग विद्याका पारखी थिए। उनले भविष्यमा वाराणसी कुमारको कारणले महान विपत्ति आउनेछ भन्ने कुरा जानेर उनले त्यसो भनेका थिए। उनीहरू सबै आ-आफ्नो जनपदमा पुगी, पिताहरूलाई शिल्प देखाई राज्यमा प्रतिष्ठित भएर उनको उपदेश अनुसार काम गरिरहेको कुराको सूचनासितै सुत्तसोमलाई कोसेली पनि पठाइदिए। बोधिसत्वले यो समाचार पाई 'अप्रमादी भएर बस्नु' भनी प्रत्युत्तर पठाइदिए।

वाराणसी कुमार मासु विना भोजन गर्दैनथे। उसको लागि



Downloaded from http://dhamma.digital

उपोसथ दिनको निम्ति अघिल्लो दिनमै मासु लिएर राखिन्थ्यो। एकदिन यसरी किनेर राखेको मासु भान्छेको बेहोसीले गर्दा दरबारको कुकुरले चोरेर खाइदिएछ । भान्छेले मासु यताउती खोज्यो तर भेट्टाउन सकेन। ऊ पैसा लिएर मासु किन्न बजार पुग्यो। तर बजारमा पनि मासु भेट्टिएन। उनले सोचे यदि मैले मासु विना नै भोजन लिएर गएँ भने मेरो प्राण रहने छैन। अब के गर्ने ? उसले फेरि बिचार गऱ्यो कि एउटा उपाय छ। उनले भर्खरै मरेको मान्छेको तिघ्राको मासु ल्याएर पकायो अनि राजालाई खुवायो। राजाले त्यो मासु मुखमा राख्नेबित्तिकै उसको सारा शरीरमा पुलक रोमाञ्चका साथ चैतन्य जागेर आयो। उसले पहिले पहिले पनि मानिसको मासुको स्वाद पाइसकेको कारणले उनलाई त्यस्तो संवेदना जागेको थियो । उसले योभन्दा अगाडिको जन्ममा यक्ष भएर धेरै मानिसको मासु भक्ष गरिसकेको थियो। त्यसैले उसलाई त्यो मासु रसिलो र मीठो लाग्यो। राजाले सोच्यो – 'यदि मैले यसलाई केही नभनी यो मासु खाएँ भने यसले मलाई के को मासु हो भन्ने छैन ।' यति सोचेर उसले थुकसहित त्यो मासु भुईंमा ओकलिदियो।

भान्छेले भन्यो – "देव ! निर्दोष हो, खानुहोस् ।"

"मलाई निर्दोष हो भन्ने कुरा थाहा छ। यो के को मासु हो भन ।" राजाले त्यहाँ उपस्थित अरू मानिसहरूलाई बाहिर पठाए।

"देव ! अरू दिनको जस्तै मासु हो ।"

"अरू बेला मासु यति रसिलो थिएन। कसरी भएन ? भन ।"

"देव ! आज मैले राम्ररी पकाएको थिएँ ।"

"उसो भए के पहिले यसरी राम्रो गरी पकाएको थिएनौ ?"

ऊ चूप लागेको देखेर राजाले भन्यो – "भए भएको कुरा गर नत्र भने तिम्रो प्राण रहने छैन।" भान्छे डरायो। उसले अभय याचना



Downloaded from http://dhamma.digital

गरेर यथार्थ कुरा बतायो । अनि राजाले भन्यो – "हल्ला नगर । आजदेखि पहिलेझैं पकाएको मासु तैंले खाएर मलाई मान्छेको मासु नै पकाइदेऊ ।"

"देव ! के यो काम गर्न कठीन हुन्न र ?"

"नडराऊ । केही कठीन हुनेछैन ।"

"दिनदिनै कहाँबाट मान्छेको मासु पाउँला ?"

"के जेलमा कैदीहरू छैनन् ?"

भान्छेले त्यसदिनदेखि त्यसै गऱ्यो । हुँदाहुँदा जेलमा पनि कैदीहरू सिद्धिन लागेपछि उसले सोध्यो – "अब के गर्ने, देव !"

"बाटोमा हजार असर्फी भएको थैली फ्याँकिराख्नू । जसले थैली टिप्छ त्यसलाई चोर भनेर समाती मार्नू ।"

उसले त्यसै गऱ्यो । पछि त हजार असर्फीको थैली टिप्ने मान्छे पनि भेट्टिएन । अनि उसले सोध्यो – "अब के गर्ने होला, देव !"

"समयसूचक बाजा बजाउने बेला शहरमा हूल हुन्छ । तिमी घरको बीचमा वा चौबाटोमा बसेर मान्छे मारी मासु ल्याउनू ।"

त्यसबेलादेखि उसले स्थूल मासु ल्याउने गऱ्यो । जताततै लाश देखापऱ्यो । जताततै मानिसको रोइकराइ सुनिन थाल्यो । 'मेरी आमा देखिइनन्, बाबा देखिएनन् , दिदी बहिनी, दाजु भाइ देखिएनन्' भन्ने आवाज आउन थाल्यो । मानिसहरू भयभीत भएर आफन्तहरूलाई खोजतलाश गर्दै भन्न थाले – "यी मानिसहरूलाई बाघ भालुले खाए कि, कुनै यक्षले खाए ।" मासु काटिएको घाउ देखेर उनीहरूले अनुमान लगाए कि मानिसले नै खाएको जस्तो छ । जनताहरू राजाको दरबार अगाडि गएर कराउन थाले । राजाले भने – "के भयो हँ ?"

"देव ! हाम्रो देशमा मान्छे खाने चोर छ । उसलाई गिरफ्तार



Downloaded from http://dhamma.digital

गर्नुपर्‍यो ।"

"मैले कसरी चोर थाहा पाउने ? मैले देशमा पहरा दिनुपर्‍यो कि ?"

जनताहरूले सोचे – 'राजालाई नगरको कति पनि परवाह छैन । गएर कालहत्थि सेनापतिलाई भन्नुपर्‍यो ।' उनीहरू कालहत्थि सेनापति कहाँ गएर सबै बेलिबिस्तार लगाए अनि त्यस चोरलाई पत्ता लगाउन प्रार्थना गरे । सेनापतिले भन्यो – "सातदिनसम्म प्रतिक्षा गर, चोर पत्ता लगाउने छु ।" यति भनी सबै नागरिकहरूलाई बिदा दिए । सेनापतिले सैनिकहरूलाई हुकुम दिए – "देशमा मान्छे खाने चोर छ । तिमीहरू यताउति चारैतिर गएर त्यस चोरलाई समातेर ल्याओ ।" सैनिकहरू 'हुन्छ' भनेर गए । त्यसबेलादेखि नगरमा चोरको खोजी शुरू भयो । भान्छेले एउटा घरको कापमा लुकेर बसी एउटी आइमाईलाई मारी उसको तिघ्राको स्थूल मासु काटी डालो भर्न लाग्यो । सैनिकहरूले उसलाई देखी समाते । उसलाई दुवै हात पछाडि फर्काएर बाँधी पिटी नगर बीचमा ल्याए र भने – "मान्छे मार्ने चोरलाई समातिसक्यौं ।"

जनताहरू उसकहाँ धुइरिए । उसलाई पिटे । अनि मासु भएको डालो घाँटीमा झुण्ड्याई उसलाई सेनापतिकहाँ लगी बुझाए । सेनापतिले सोच्यो – 'यसले यो मासु आफैले खान्छ कि अरू मासुमा मिसाएर बेच्छ अथवा अरूले भनेर ल्याएको कारणले मान्छे मार्छ ।' उनले भान्छेलाई सोधे – "हे भान्छे ! तिमीले यस्तो क्रुर कर्म किन गरेको ? हे मूर्ख, तिमी जुन नर-संहार गर्छौ, त्यो मासुको लागि गरेको हो कि धनको लागि ?"

"न आफ्नो निम्ति, न धनको निम्ति न बालबच्चाको निम्ति मैले त्यसो गरेको हुँ । भाग्यवान राजा मेरा स्वामी हुन् । उहाँले यस्तो मासु भक्ष गर्नुहुन्छ ।"

सेनापतिले भन्यो – "यदि तिमीले राजाको निम्ति यस्तो काम



Downloaded from http://dhamma.digital

गरेका हौ भने के तिमी भोलि अन्तपुरमा राजाको अगाडी यो कुरा भन्न सक्छौ ?"

भान्छे – "भदन्त ! म तपाईंले जे जस्तो भन्नुहुन्छ त्यस्तै गर्छु। म भोलि अन्तपुरमा गएर राजा सामुन्ने यो कुरा बताउन सक्छु।"

सेनापतिले उसलाई कडाइका साथ रातभर बाँधिराखे। बिहान मन्त्रीहरूसँग सल्लाह गरे। उनीहरू सबैको एकमत भएपछि पाले पहरा राखी त्यस भान्छेको घाँटीमा मासु भएको डालो भुण्ड्याई राजभवनतिर लागे। सारा नगरमा होहल्ला मच्यो। हिजो बिहान मासु भोजन गरेको राजाले त्यस रात छाकमा मासु पाएन। भान्छे आउला कि भनी रातभर कुरेर बसे। आज पनि भान्छे आइपुगेन भनी सोच्दै रहे। त्यसैबेला नागरिकहरूको कोलाहल सुनियो। यो के को हल्ला हो भनी राजाले आँखीभ्यालको प्वालबाट चियाउँदा भान्छेलाई त्यो दशामा ल्याइएको देखे। राजाले बुझे - गोप्यता भङ्ग भइसकेछ। तर पनि धैर्य धारण गरी खाटमा बसिरहे। कालहत्थिले पनि राजा सामुन्ने पुगेर बिन्ती गरे – "महाराज ! के तपाईंले साँच्चै नै यो भान्छेलाई नगरमा पठाई मान्छे मार्न लगाइबक्सेको हो ? फेरि मान्छेको मासु खानुभएको हो ?"

राजा – "हे कालहत्थि ! हो, मैले नै यस भान्छेलाई पठाएको हुँ। मेरो काम गरिदिने सेवकलाई यसरी किन दण्ड दिन्छौ ?"

यो सुनेर सेनापतिले विचार गऱ्यो – 'यसले त आफ्नै मुखले अपराध स्वीकाऱ्यो। अहो ! यसको कत्रो दुःसाहस ! कहिलेदेखि यसले मान्छेको मासु खाएर बसेको होला। यसलाई जसरी भए पनि रोक्नुपऱ्यो।'

सेनापतिले भन्यो – "महाराज ! यसो नगर्नुहोस्। मान्छेको मासु नखानुहोस्।"

"कालहत्थि ! तैले यो के भनिस् ? म यसबाट अलग्ग हुन



Downloaded from http://dhamma.digital

सक्दिन ।"

"महाराज ! यदि अलग्ग हुन सक्नुभएन भने आफू र आफ्नो राष्ट्रको विनाश हुन्छ ।"

"त्यसरी नाश भए पनि म यसबाट विरत हुनै सक्दिन ।"

अनि सेनापतिले राजालाई उपमाद्वारा बुझाउन एउटा कथा भन्यो ।

पहिले पहिले महासमुन्द्रमा ६ वटा ठूलठूला माछा बस्दथे । ती मध्ये आनन्द, तिमन्द र अज्झोहार पाँच-पाँच सय योजनसम्मका ठूला थिए । तितिमिति, मिंगल र तिमिलपिंगल हजार-हजार योजनसम्मका ठूला थिए । उनीहरू सबै नै ढुंगाको काइ खाएर निर्वाह गर्दथे । तीमध्ये आनन्द भन्ने माछा समुन्द्रको एक कुनामा अलग्गै बस्दथ्यो र अरू कैयन माछाहरू उसको दर्शनार्थ जाने गर्दथे । एकदिन ती माछाहरूले विचार गरे कि सबै दुईखुट्टे र चारखुट्टेका आ-आफ्ना राजा छन् । हाम्रा राजा छैनन् । हामीले पनि यिनैलाई राजा बनाउनुपर्‍यो । सबैले एकमत भई आनन्दलाई राजा बनाए । त्यसबेलादेखि माछाहरू बिहान बेलुकी राजाको सेवामा जान थाले । एकदिन एउटा पर्वतको काइ खाँदा आनन्दले एउटा माछालाई काइ सम्झी खाइदिएछ । उसलाई यो खाना मीठो लाग्यो । उसले बाहिर निस्की यो मीठो कुरा के रहेछ भनेर थाहा पाउन खोज्यो । उसलाई थाहा भयो यो त मासु रहेछ । उसले सोच्यो – 'आजसम्म मलाई थाहा नै भएन र मासु खाइन । अब जब माछाहरू बिहान बेलुकी सेवामा आउँछन् , फर्कने बेला एउटा-दुईटा माछा खाने गर्नुपर्‍यो । प्रकटरूपमा खाएँ भने कोही पनि माछाहरू म कहाँ आउँदैनन् , सबै भागिहाल्छन् ।'

उसले कसैले पनि नदेख्ने गरी जो पछाडि पर्छन् तिनलाई खाने गर्न थाल्यो । माछाहरूले आफ्नो जमात कम हुँदै गएको थाहा पाई विचार गरे – 'हाम्रो जातिको लागि यो भय कहाँबाट उत्पन्न



Downloaded from http://dhamma.digital

भएछ ?'

एउटा बुद्धिमान माछाले सोच्यो – 'यो आनन्दको व्यवहार ठीक लाग्दैन । म परीक्षा गर्छु ।' ऊ आनन्दकहाँ सेवामा जाँदा आनन्दको कानको पछाडि लुकेर बस्यो । आनन्दले सबै माछाहरूलाई बिदा दियो । सबभन्दा पछाडि परेको माछालाई खायो । उसले आनन्दको यो काम अरू सबैलाई बताइदियो । सबै तर्सेर भागे । त्यसबेलादेखि आनन्दले माछा पाएन । खाना खान पनि मन गरेन । भोकले छट्पटिएर विचार गऱ्यो – 'यी सबै माछाहरू कहाँ गएछन् ?' माछाको खोजी गर्दै एउटा पर्वतमा पुग्यो अनि उसले विचार गऱ्यो – 'मदेखि डराएर माछाहरू यही पर्वतमा लुकेर बसिरहेको जस्तो छ । म पर्वतमा चारैतिर खोज्छु ।' उसले यति सोचेर त्यो पर्वतलाई आफ्नो टाउको र पुच्छर जोडेर घेरा हाल्यो । यिनीहरू भाग्न नपाओस् भनेर सतर्कता अपनाउँदै गर्दा अकस्मात उसले आफ्नै पुच्छरलाई माछा भन्ठान्यो । मदेखि डराएर यहाँ पो लुकेको रहेछ भनी रिसले चूर भई ५० योजन भएको आफ्नो पुच्छरलाई टोक्यो र मरमरायो । उसलाई साह्रै ठूलो दु:ख वेदना भयो । रगतको गन्धले आकर्षित भएका अन्य माछाहरूले पनि उसलाई अन्धाधुन्ध टोके अनि खाए । खाँदाखाँदै टाउकोसम्म पुग्यो । ठूलो शरीर भएकोले कहीं भाग्न पनि सकेन । उसको त्यहीँ प्राणान्त भयो । उसको शरीरको हड्डीले सानो पर्वतै बन्यो । आकासमा विचरण गर्ने तपस्वीनी परिब्राजिकाले यो कुरा मनुष्यहरूलाई सुनाइन् । सारा जम्बुद्विपमा यो कुरा फैलियो ।

यो कथा सुनाएपछि कालहत्थि सेनापतिले भन्यो – "रसतृष्णाको वशमा परेर आनन्दले माछालाई खाएपछि आफैलाई खानथाल्यो र अन्त्यमा उसको मृत्यु भयो । यसरी रसतृष्णाको वशमा पर्ने मनुष्यले यदि पछि आउने भयलाई देखेन भने त्यस मूर्खले आफ्ना छोराछोरीहरू र आफन्तहरूको विनाश गरी अन्त्यमा आफैलाई खान्छ । हे राजन ! यो कुरा सुनेर तपाईंले मान्छेको मासु खान छोडिदिनुहोस् । तपाईंले



Downloaded from http://dhamma.digital

त्यस आनन्द नामक माछ्राले झैं सारा राष्ट्रलाई शून्य नगर्नुहोस् ।"

यो कुरा सुनेर राजाले भने – "कालहत्थि ! तिमीले मात्र उपमा दिन जान्दैनौ, म पनि दिन जान्दछु ।" भनी मान्छेको मासु खाने लोभ छोड्न नसकी एउटा पुरानो कथाको प्रसंग जोडी भन्यो – "एउटी सुजात नाउँको एकजना कुतुम्बी थियो । उसको छोरा जम्बुपेशी प्राप्त नहुँदा उनको पीर लिएर नै मरिगयो । त्यस्तै हे कालहत्थि ! मैले पनि उत्तम रस (मान्छेको मासु) खाएँ । मेरो विचारमा यदि मान्छेको मासु खान पाइएन भने मेरो प्राण रहने छैन ।"

अनि कालहत्थिले यो राजा त साह्रै नै मांस-रसमा डुब्यो, अर्को एउटा उदाहरण दिनुपर्‍यो भनेर भने – "महाराज ! मान्छेको मासु खान बन्द गर्नुहोस् ।"

"म सक्दिन ।"

"यदि सक्नुभएन भने आफ्नो नाताकुतुम्ब र राज्यश्रीविहिन भएर बस्नुपर्ला ।" यति भनेर अर्को एउटा उदाहरण प्रस्तुत गरे ।

उहिले उहिले पनि यसै वाराणसीमा पञ्चशीललाई रक्षा गरी बस्ने क्षेत्रीयहरू बस्दथे । त्यस कुलमा एक जना पुत्ररत्न थियो । ऊ आमाबाबुको प्रिय, योग्य पण्डित तथा तीनटै वेदमा पारङ्गत थिए । ऊ दौंतरी साथीहरूसँग घुमफिर पनि गर्दथ्यो । अरू साथीहरू माछ्रा मासु खान्थे, रक्सी पिउँथे । ऊ न त रक्सी नै पिउँथ्यो न माछ्रा मासु नै खान्थ्यो । अरू साथीहरूले सोच्यो – 'यसले रक्सी पिउँदैन त्यसैले पैसा पनि तिर्दैन । यसलाई चलाकी गरेर रक्सी पिलाउनुपर्‍यो ।' उनीहरू मिलेर उसलाई भने – "मित्र ! जाऔं, उत्सव मनाऔं ।"

"तिमीहरू रक्सी पिउँछौं, म पिउँदिन । तिमीहरू नै जाओ ।"

"मित्र, तिमीलाई भनी दुध लिएर जाऔंला ।"

उसले 'हुन्छ त' भनी स्वीकार गर्‍यो । ती धूर्तहरूले बगैंचामा



Downloaded from http://dhamma.digital

पुगेर एउटा कमलको पातमा असल रक्सी पोको पारिराखे। अनि रक्सी खाने बेला भयो। उनीहरूले उसको लागि दुध ल्याइदिए। एकजना धूर्तले भन्यो – "पुष्करमधु लिएर आऊ।" उनीहरूले त्यस कमलको पातको पोको लिएर आए। त्यो पोकोको पिंधमा प्वाल पारेर उसको मुखमा राखिदियो र चुस्यो। त्यस्तै अरूले पनि खाए। त्यस युवकले सोध्यो – "यो के हो ?" उनीहरूले 'पुष्कर मधु हो' भने। उसले पनि पत्यायो। यसरी उसले सुरापान गऱ्यो। उसलाई पोलेको मासु दियो। त्यो पनि खायो। रक्सीले मस्त भएपछि उनीहरूले बताए कि यो पुष्करमधु होइन, रक्सी हो। उसले भन्यो – "ए! अफसम्म मलाई यो रस यति मधुर छ भन्ने कुरा थाहा थिएन, खै लेऊ रक्सी!" उसलाई थपिदियो। उसले फेरि पनि माग्यो। उनीहरूले सकियो भनेपछि उसले अरू पनि किनेर ल्याऊ भनी आफ्नो हातको औंठी फुकालिदियो। यसरी दिनभरि उनीहरूसँग बसेर खाई पिई रक्सीले ढुन्मुनिई आँखा रातो पारी घरतिर लाग्यो। घर पुगेर मुढो लडेझैं लडिरह्यो। उनको पिताले यो कुरा थाहा पायो। रक्सीको रंग उडेपछि भन्यो – "तिमीले क्षेत्रीय कुलमा जन्मेर रक्सी पियौ, तिमीले राम्रो काम गरेनौ। अब फेरि यसो नगरेस्।"

"बुबा, मेरो के अपराध छ ?"

"तिमीले रक्सी पियौ।"

"के भन्नुभएको बुबा, मैले योभन्दा पहिले यस्तो मधुर रसको स्वाद लिन पाएकै थिइन।"

बाबुचाहींले बारंबार सम्झायो तर छोराचाहीले मानेन। ब्राम्हणले यस्तै गरी रक्सी पिउँदै गरे धन र वंश दुवै नाश हुन्छ भन्ने सोची भन्यो – "तिम्रो वर्ण राम्रो छ तिमी क्षेत्रीय कुलमा जन्मेका हौ। तिमीले यस्तो अपेय पदार्थ ग्रहण गर्नु उचित छैन।"

फेरि उनले भने – "छोरा! रक्सी खान रोक। होइन भने म घरबाट निस्कन्छु नभए तिमीलाई देशबाटै निकाला गराइदिन्छु।" छोरा-



Downloaded from http://dhamma.digital

चाहीँले त्यसो गरे पनि रक्सी छोड्न नसक्ने कुरो बतायो र भन्यो – "जुन कुराबाट मलाई बञ्चित गराउन चाहनुभयो त्यो रसमध्ये अत्युत्तम हो। म त्यहीँ जान्छु, जहाँ यस्तो रस सदा प्राप्त हुन्छ। म नै घरबाट निक्लन्छु, तपाईसित बस्दिन।"

उनले फेरि थप्यो – "मलाई तपाईंले जे गर्न मन लाग्छ, गर्नोस् तर म रक्सी पिउन छोड्दिन।" यो सुनेर ब्राम्हणले भन्यो – "यदि तिमीले हामीलाई छोड्ने नै भए हामी पनि तिमीलाई छोड्ने छौं। हामी अर्को कसैलाई धर्मपुत्र गरेर पालौंला। हे दुष्ट! तिमी त्यस ठाउँमा जाऊ जहाँबाट हामीले तिम्रो नाम नै सुन्न नपरोस्।" यति भनी उसलाई न्यायालयमा लिएर गयो। आफूलाई निःसन्तान भएको घोषणा गरी उसलाई देशबाट निकाला दिलायो। पछि ऊ निराधार बनी, दरिद्र भएर भुत्रो लगाई हातमा माटोको भाँडो समाई भिक्षा लिंदै एउटा पर्खालमुनि उसको मृत्यु भयो। यो कुरा सुनाई कालहत्थिले राजालाई भन्यो – "महाराज! यदि तपाईं हाम्रो कुरा सुन्नुहुन्न भने हामी पनि तपाईंलाई देश निकाला गराइदिन्छौं। हे राजन! मेरो कुरा सुन्नुहोस्। जसरी रक्सी पिउने त्यस युवकलाई देश निकाला भयो त्यसरी नै तपाईंलाई पनि राष्ट्रबाट धपाइदिन्छौं।"

कालहत्थिले यसरी उपमा दिंदा पनि असमर्थता प्रकट गर्दै राजाले अर्को उदाहरण दियो। योगी शिष्य सुजातले अप्सराको चाहना गऱ्यो। उसले न खायो, न पियो। कुशको टुप्पाले पानीको थोपा लिई समुन्द्रमा कति पानी रहेछ भनी माप्नुझैं दिव्य कामसुखको तुलनामा मानवहरूको कामसुख तुच्छ हो। हे कालहत्थि! मैले पनि त्यस उत्तम रसको अनुभव गरेको छु। यदि मलाई मान्छेको मासु नभएमा म आफ्नो प्राण त्यागिदिन्छु।

यो कुरा सुनेर कालहत्थिले यो राजा त अत्यन्तै रसको लोभी रहेछ भन्ने बुझी आफ्नो सन्तानको मासु खाई आकासमा उड्ने स्वर्ण हाँस पनि नष्ट भएर गयो भन्ने उदाहरण प्रस्तुत गऱ्यो। "जसरी



Downloaded from http://dhamma.digital

धृतराष्ट्र भन्ने हाँसले आफ्नो सन्तान खाएर आफ्नो वंश नै समाप्त पारे। त्यस्तै हे राजन ! तपाईंले पनि मेरो कुरा सुन्नुहोस्। तपाईंले खान नहुने कुरा खाइरहनुभएको छ। अतः तपाईंलाई देशनिकाला गरिदिन्छु।"

राजाले मान्छेको मासु खाने पक्षमा अरू पनि उपमा दिन चाहेको थियो तर नागरिकहरू अघि सरे। उनीहरूले राजालाई बोल्नै दिएनन्। उनीहरूले सेनापतिलाई भने – "स्वामी सेनापति ! तपाईंले के गर्न लाग्नुभयो ? के हामी यो मान्छेको मासु खानेलाई पनि सँगै लिई घुमिरहने ? यदि राजाले कुरा नसुनेपछि भैगो, उसलाई देश निकाला गरिदिनुपर्छ।" धेरै नागरिकहरूको एउटै स्वरमा भनेको कुरा सुनेर राजा डरायो र केही बोल्न सकेन। सेनापतिले राजालाई अन्तिम पटक पनि सोधे – "कसो ? रोक्न सक्नुहुन्न ?"

"सक्दिन।"

सेनापतिले सारा राजकुल तथा राजाका छोराछोरीहरूलाई गहना अलंकारले सजाई त्यहीँ उभ्याई भने – "महाराज ! यी सम्बन्धी, राज- परिवार, मन्त्रीहरू अनि राज्य सम्पत्तिलाई हेर्नुहोस् त। यिनीहरूको विनाश नखोज्नुहोस्। मान्छेको मासु खानबाट विरत हुनुहोस्।"

"यी सबै मलाई मान्छेको मासुभन्दा प्रिय छैनन्।"

"त्यसो भए महाराज ! तपाईं यस नगर र राष्ट्रबाट निक्लेर जानुहोस्।"

"कालहत्थि ! मलाई राज्यको चाहना पनि छैन। म जान्छु तर मलाई साथमा खड्ग एउटा र यो भान्छे साथमा लानदेऊ।"

उनलाई तलवार एउटा, मान्छेको मासु पकाउने भाँडो एउटा र डालो समाउने त्यस भान्छे दिएर राष्ट्रबाट निकाला गरियो। राजा पनि भान्छे साथमा लिएर नगर बाहिर जंगलमा एउटा रूखमुनि बस्ने



Downloaded from http://dhamma.digital

ठाउँ बनाई बसोबास गर्नथाले। उसले त्यहाँ जंगलको बटुवाहरूलाई मारी मासु काटी भान्छेलाई दिन ल्याउँथ्यो। भान्छेले पकाएर खुवाउँथ्यो। यसरी उनीहरूको जीवन जसोतसो बितिरहेको थियो। जब राजाले "म मान्छेको मासु खाने चोर हुँ" भनेर मानिसहरूलाई लखेट्थ्यो, सबैको होसहवास उड्थ्यो। सबै नै भुईंमा घोप्टो पर्थे। तिनीहरूमध्ये आफूलाई मनपर्नेलाई सोझै वा टाउको तल पारी झुण्ड्याएर ल्याई भान्छेलाई दिन्थ्यो। एकदिन उसलाई जंगलमा कुनै पनि मानिस जुरेन। फर्केर आउँदा भान्छेले सोध्यो – "महाराज ! के भयो ?"

"चुल्होमा भाँडो बसाल न।"

"देव ! मासु खोइ त ?"

"म मासुको बन्दोबस्त गर्दछु।"

भान्छेले बुझ्यो – अब उसको प्राण रहने छैन। उसले थरथर काँपेर भान्छामा आगो फुक्यो, भाँडो बसाल्यो। त्यस नरभक्षकले उसलाई माऱ्यो अनि मासु पकाएर खायो। त्यसबेलादेखि ऊ एक्लै पऱ्यो अनि ऊ आफैले मासु खोजी ल्याई पकाई खान थाल्यो। त्यस नरभक्षक चोरले बटुवाहरूलाई मारेर खान्छ भन्ने कुरा सारा जम्बुद्वीपमा फैलियो।

त्यसबेला एकजना ब्राम्हण व्यापारी पाँचसय गाडामा सामान राखी पूर्वान्त अपरान्त व्यापार गर्न गइरहेको थियो। उसले सोच्यो – "त्यस नरभक्षकले बटुवाहरूलाई मारेर खान्छ भन्थे, म पैसा दिएर भए पनि त्यस जंगल पार गर्दछु।" उसले जंगलनिर बस्ने मानिसहरूलाई एक हजार रुपियाँ दिएर भन्यो – "मलाई यो जंगल पार गराइदेऊ।" उनीहरूले माने। सामानले लाडेका गाडाहरूलाई अगाडि पठाई आफू नुहाइ धुवाइ गरेर अलंकारले सजिई सेतो गोरूले तान्ने रथमा ती सहायकहरूको घेरामा बसी गाडाको पछि पछि गए। त्यस नरभक्षकले रूखमा चढेर कोही आउँदै छन् कि भनी हेऱ्यो। अरूलाई देखेर उसमा



Downloaded from http://dhamma.digital

त्यति तृष्णा जागेन । जब उसले त्यस ब्राम्हणलाई देख्यो उसको मुखमा पानी आयो । उसको नजिक पुगेर 'म नरभक्षक हुँ' भनेर तलवार घुमायो र आक्रमण गऱ्यो। अरू त्यहाँ अडिरहन सकेनन्। सबै घोप्टो परी भुईंमा लडे। उसले त्यस रथमा सवार भएका ब्राम्हणलाई खुट्टा समातेर टाउको तल पारी काँधमा बोकिलग्यो । ब्राम्हणको टाउकोले उसको कुर्कुच्चा छुन्थ्यो। ती सहायकहरूले भने – "हामीले त्यस ब्राम्हणसँग एक हजार रूपियाँ लिएका छौं। हाम्रो पुरूषार्थलाई धिक्कार छ! सके पनि नसके पनि त्यस चोरलाई अलि पछ्याउनैपर्छ" भनी पछिपछि दौडे । त्यस नरभक्षक पनि पछाडि कोही आइरहेको नदेखेपछि बिस्तारै हिंड्न थाल्यो । त्यसबेला एकजना शुरो मानिस उसकों अगाडि एक्कासी पुग्यो । त्यस नरभक्षक झस्केर बार नाघ्न खोज्दा उसको खुट्टा खैरको ठूटोमा पऱ्यो र घोच्यो। उसको खुट्टाबाट रगत बग्नथाल्यो । यो देखेर त्यो शुरो मानिस करायो – "ए, मैले यसलाई घाइते पारिसकें तिमीहरू पछि पछि आओ, म उसलाई समाउँछु।" उसले नरभक्षकलाई कमजोर भएको देखी पछ्याइरह्यो। पछ्याइरहेको थाहा पाएपछि उसले ब्राम्हणलाई छोडिदियो अनि आफूलाई उनीहरूबाट मुक्त गरायो। ती सहायकहरूलाई ब्राम्हण प्राप्त भइहाल्यो त्यसैले भने – "हामीलाई त्यस चोरको के मतलब।" त्यस नरभक्षक पनि अलि पर गएर एउटा बरको रूखमुनि आफूलाई लुकाएर बस्यो। उसले प्रार्थना गऱ्यो - "आर्य वृक्षदेवता ! यदि सातदिनभित्र मेरो खुट्टाको घाउ निको पारिदियौ भने जम्बुद्वीपको सयजना क्षेत्रीयहरूको रगतले तपाईंलाई नुहाई आन्द्राको माला लगाइदिई पाँच प्रकारको मधुर मांससहित बलि चढाउँछु।" खानापिना केही नपाउँदा ऊ कृश हुँदैगयो। सात दिनभित्रै उसको घाउ पनि निको भयो। उसले सोच्यो कि वृक्षदेवताको कृपाले नै ऊ स्वस्थ्य भयो। केही दिन मानिसको मासु सेवन गरेपछि जब उसमा बलशक्ति आयो अनि उसले सोच्यो – 'देवताले मलाई ठूलो उपकार गरेको छ अब म उसको भाकल पूरा गर्दछु।' उसले तलवार उठायो अनि क्षेत्रीय राजाहरूको खोजीमा



Downloaded from http://dhamma.digital

त्यहाँबाट प्रस्थान गऱ्यो ।

पूर्वजन्ममा ऊ यक्ष भई जन्म लिंदा ऊसँगै नरभक्षक बनी बसेको एक यक्षले उसलाई पूर्वजन्मको साथी भनेर चिन्यो । उसले सोध्यो – "साथी, के तिमीले मलाई चिन्छौ ?"

"चिन्दिन ।"

उसले पूर्वजन्मको कुरा सुनायो । उसलाई याद आयो । दुवैले सञ्चो विसञ्चो सोधे । अर्कोले कुन ठाउँमा जन्म भयौ भनेर सोध्दा उसले सबै बेलिबिस्तार सुनायो । देश निकाला भएको, घाउ भएको, देवताको भाकल पूर्ण गर्नुपर्ने कुरा सबै सुनाएर भन्यो – "मित्र ! तिमीले पनि यो मेरो काम पूर्ण गराउन सघाउनुपर्छ । आऊ, दुवै जाऔँ ।"

"मित्र, म तिमीसँगै जान्थें तर अहिले मेरो एउटा काम छ । बरू म अर्द्धपद लक्षण मन्त्र जान्दछु । त्यसबाट बल, गति र तेज प्राप्त हुन्छ । त्यो मन्त्र लेऊ ।" उसले स्वीकार गऱ्यो । यक्षले उसलाई मन्त्र प्रदान गरेर गयो । त्यस नरभक्षक मन्त्रको प्रभावले साह्रै वेगवान र बलवान भयो । उसले सातदिनभित्रै सयजना राजाहरूलाई आक्रमण गरी भयभीत तुल्याई काँधमा टाउको तलपर्ने गरी बोकी उनीहरूको हत्केलामा प्वाल पारी माला बनाई एउटा वरको रूखमा झुण्ड्याइदियो । उनीहरूका चोर औंलाको टुप्पाले मात्र जमीन छुन्थ्यो । ती नरकंकालझैँ हावामा हल्लिरहेका थिए । उसले सुत्तसोमलाई मात्र ल्याएको थिएन । किनभने सुत्तसोम उसको दोस्रो गुरू थियो र जम्बुद्वीप क्षेत्रीय राजाले शून्य नहोस् भन्ने उसको मनसाय पनि थियो । बलि कर्म गर्ने उद्देश्यले आगो बाली दाउरा चिर्दै गरेको बेला वृक्ष देवताले सोच्यो – 'यसले मेरो निम्ति बलि दिन लाग्यो । मैले उसको घाउ निको पारेको पनि होइन । अब यसले ठूलो विनाश गर्न लाग्यो, अब के गर्ने ? मैले यसलाई रोकेर रोक्न सक्दिन ।' त्यस वृक्ष देवता चतुर्महाराजिक देवताहरूकहाँ गएर भन्यो – "उसलाई रोक्नुपऱ्यो ।" उनीहरूले हामी पनि सक्दैनौं



Downloaded from http://dhamma.digital

भनेपछि इन्द्रकहाँ गयो। इन्द्रले पनि भन्यो – "म पनि रोक्न सक्दिन तर म रोक्न सक्ने व्यक्ति देखाउन सक्दछु।"

"ऊ को हो त ?"

"यस लोकमा अरू कोही छैनन्। कुरूराष्ट्रमा इन्द्रप्रस्थान नगरमा सुत्तसोम भन्ने कोरव्य राजपुत्र छ। उसले मात्र त्यसलाई दमन गर्न सक्छ र मान्छेको मासु खानबाट त्यस नरभक्षकलाई रोक्न सक्छ। यदि तिमी ती राजाहरूको प्राण रक्षा गर्न चाहन्छौ भने सुत्तसोमलाई लिएर आऊ अनि बलिकर्म गर भनेर उसलाई भन।"

वृक्ष देवताले 'हुन्छ' भनेर प्रवजितको भेष धारण गरी अलि परतिर देखापऱ्यो। पदचाप सुनेर कुनै राजा फुत्केर भाग्यो कि भनी फर्केर हेर्दा उसलाई देख्यो। प्रवजितहरूपनि क्षेत्रीय हुनसक्छ, यसलाई समेत राखी एकसय एक जना पुऱ्याई बलि कर्म गर्नुपर्ला भन्ने सोची तलवार हातमा लिई उसलाई लखेट्यो। तीन योजनसम्म लखेट्दा पनि भेट्टाउन सकेन। उसले सोच्यो – 'पहिले म हात्ती, घोडा, रथबाट जानेलाई समाउन सक्थे। यो प्रवजित बिस्तारै हिड्दैछ, तैपनि भेट्टाउन सक्दिन, किन होला ?' फेरि सोच्यो – 'प्रवजितहरू भनेका कुरा मान्छन्। म यसलाई पर्ख, रोक भन्छु , ऊ रोकेपछि समाउँला।' उसले भन्यो – "श्रमण, पर्ख, रोक।"

जवाफ आयो – "म त रोकिरहेको छु। तिमीमात्र रोकिने प्रयत्न गर।"

प्रवजितहरू आफ्नो प्राण रक्षा गर्न भूठ बोल्दैनन् भन्ने सोची उसले भन्यो – "हे श्रमण ! मैले पर्ख भने, तिमीचाहिँ अगाडि बढ्दैछौ। रोकेकै छैनौ तैपनि तिमी भन्दैछौ 'म रोकिरहेछु।' हे ब्रम्हचारी ! तिमीलाई यसो भन्न सुहाउँदैन। के तिमीले यो मेरो तलवारलाई सारसको चुच्चो सम्झेका छौ ?"

देवताले भन्यो – "हे राजन ! म सद्धर्ममा स्थित छु। म



Downloaded from http://dhamma.digital

तिमीले झैं आफ्नो नाम र गोत्रलाई कलंकित पार्ने छैन । लोकमा यहाँबाट च्यूत भई नर्कमा जानेलाई नै अस्थित र विचरण गरिरहने भनिन्छ । हे राजन ! तिमीसँग सामर्थ्य छ भने सुत्तसोम क्षेत्रीयलाई लिएर आऊ र उसबाट बलि यज्ञ गराऊ । यसो गऱ्यौ भने तिमी स्वर्ग जानेछौ ।"

यति भनी त्यस वृक्ष देवताले प्रवजित भेष त्यागी आफ्नो स्वाभाविक रूपमा प्रकट भई आकासमा उभियो । त्यो देखेर उसले सोध्यो – "तिमी को हौ ?"

"यही रूखमा बस्ने वृक्ष देवता हुँ ।"

उसले आफ्नो आराध्य देवताको दर्शन पाएँ भन्ने सोची प्रसन्न भई भन्यो – "स्वामी, देवराज ! सुत्तसोमको लागि चिन्ता नगर्नुहोस् । आफ्नो रूखमा प्रवेश पाउनुहोस् ।"

देवता उसको अगाडि नै अन्तर्ध्यान भयो । त्यसबेला सूर्यास्त पनि भयो । चन्द्रमा पनि उदाइसक्यो । त्यस नरभक्षक राजा वेदवेदाङ्ग र नक्षत्रको गतिका ज्ञाता थियो । उसले आकासमा हेरेर सोच्यो – "भोलि पुष्प नक्षत्र हो । सुत्तसोम नुहाउन बगैंचा जान्छ । त्यहीं उसलाई समाउँछु । तर त्यहाँ चारैतिर पाले पहरा बस्नेहरू थुप्रै होलान् । चारैतिर तीन तीन योजनको फरकमा जम्बुद्वीप निवासीले पालो दिएका होलान् । पालो दिनु अगावै म प्रथम याममा मृगाचीर उद्यानमा पुगी पोखरीमा लुकेर बस्छु ।" यति सोचेर ऊ त्यहाँ पुग्यो, पोखरीमा ओल्र्ल्यो र कमलको पातले छेकेर आफूलाई लुकायो । उसको तेजले गर्दा माछादि पन्छिई छेउ छेउमा ताँती लागेर बसे । उसलाई यस्तो तेज उसको पूर्व कर्मको फलले प्राप्त भएको थियो । त्यो कसरी भने –

काश्यप बुद्धको पालामा उसले खीर भोजन दान गरेको थियो त्यसैले ऊ महान बलशाली बन्यो । अग्निशाला बनाई भिक्षुसंघलाई



Downloaded from http://dhamma.digital

जाडोबाट बचाउन उसले आगो, दाउरा र दाउरा चिर्न बञ्चरो दान गरेको थियो त्यसैले ऊ तेजस्वी बन्यो।

ऊ त्यस उद्यानमा प्रवेश गरेको केही समयपछि चारैतिरबाट तीन–तीन योजनको दूरीमा पहरा बसे। राजा पनि जलपान गरिसकेपछि सिंगारिएको हात्तीमा चढी चतुरंगिनी सैन्यसहित नगरबाट बाहिर निस्के। त्यसैबेला तक्षशिलाबाट नन्द भन्ने ब्राम्हण आइपुग्यो। ऊसँग सय-सय रूपियाँ जाने चारवटा गाथा थियो। ऊ एक सय बीस योजन टाढाबाट आएको थियो। नगरको मूलद्वारमा रात बिताई प्रातः भएपछि नगरमा प्रवेश गरेका थियो। राजा पूर्वद्वारबाट बाहिर निस्केको देखेर उसले हात माथि उठाई जय जयकार गऱ्यो। राजाले उता हेर्दा अलि अग्लो स्थानमा उभिएर हात फिंजाइरहेको त्यस ब्राम्हणलाई देखे। राजाले हात्तीलाई उसको नजिकै लगेर भने –

"हे ब्राम्हण ! तपाईं कहाँबाट आउनुभयो ? यहाँ के उद्देश्य लिएर आउनुभयो ? मलाई बताउनुहोस। त्यो के चीज हो जुन तपाईंले मबाट इच्छा गर्नुभयो ?"

उसले जवाफ दियो – "हे पृथ्वीपति ! मसँग चारवटा गाथा छन् जसको अर्थ अति गम्भीर छ जुन श्रेष्ठ सागर समान छ। म तपाईंकै निम्ति यहाँ आएको हुँ। मेरो अर्थपूर्ण गाथा सुनिबक्स्योस्। महाराज ! यो काश्यप बुद्धबाट उपदेश भएको सय-सय रूपियाँ जाने चारवटा गाथा हुन्। सुनिबक्स्योस्। तपाई सुनेको कुरामा विचार गर्ने विचारवान हुनुहुन्छ। म यही उपदेश दिन नै यहाँ आएको हुँ।" राजाले सन्तुष्ट भएर भन्यो – "आचार्य ! तपाई साह्रै राम्रो विचारले आउनुभयो। तर म यहाँ अहिले रोक्न सक्दिन। आज पुष्प नक्षत्र हो र मेरो नुहाउने बेला हो। फर्केर आएर सुनुँला, तपाईं हतार नमान्नुहोस्।" राजाले मन्त्रीहरूलाई आज्ञा दिए – "यस ब्राम्हणलाई फलाना घरमा बस्ने बन्दोबस्त गर। खाने, पिउने र सुत्ने प्रबन्ध पनि गरिदेऊ।" त्यसपछि राजा उद्यानमा प्रवेश गरे। त्यो उद्यान १८ हात अग्लो



Downloaded from http://dhamma.digital

पर्खालले घेरिएको थियो। एकअर्कालाई छुने गरी हात्तीको ताँतीले पाले पहरा दिँदै गरेका थिए। त्यसको पनि पछाडि घोडाको ताँती, त्यसको पनि पछाडि रथ अनि सबभन्दा पछाडि धनुर्धारीहरू थिए। राजाले त्यहाँ पुगेर अलंकार उतारे, कपाल खौरे, जीउमा सुगन्ध लेप गरे अनि पोखरीमा पसी राजकीय ठाँटबाटले नुहाइ-धुवाइ गरी बाहिर आए। त्यसैबेला सुगन्धित फूलमाला र अलंकार ल्याइए। त्यस नरभक्षकले सोच्यो – "गहना लगाएपछि राजा भारी हुन्छ, अहिले हलुका हुँदा नै राजालाई लैजान्छु।" भन्ने सोची ठूलठूलो आवाजले 'म मान्छे खाने जीव हुँ' भन्दै गर्जी तलवार हल्लाई पोखरीबाट निस्क्यो। उसको आवाज सुन्नेबित्तिकै हात्ती, घोडा र रथ चढ्नेहरू डराएर सवारीबाट लडे। उनीहरू हतियार बिसाई भुईंमा घोप्टो परे। त्यस नरभक्षकले सुत्तसोमलाई बोक्यो। अरू राजाहरूलाई त टाउको तलपारी झुण्ड्याई लैजान्थ्यो तर सुत्तसोम बोधिसत्वलाई उसले काँधमा बसायो। द्वारबाट निस्कंदा झन्झट आइलाग्छ भन्ने सोची त्यस अठार हात अग्लो पर्खाललाई नाघी हात्तीहरूको टाउकै टाउकोमा टेकी वायुवेग भएका घोडाहरूको घेरा तोडी एक एक झपटमा नै तीन योजनको हिसाबले पर्वत लङ्घन गरेर वेगले गयो। सुत्तसोमले पछाडि कोही आइरहेका छन् कि भनी फर्केर हेरे। कोही आइरहेका थिएनन्। सुत्तसोमको कपालबाट तर्केको पानी उसको जीउमा टप्किरहेको थियो। त्यस नरभक्षकले विचार गर्‍यो – 'मर्नदेखि नडराउने कोही छैनन्। यो राजा पनि मरिएला भनी डराएछ।' उसले भन्यो – "बुद्धिमान प्रज्ञावान बहुश्रुत तथा विचार-वानहरू रुँदैनन्। मानिसहरूको आफू नै द्वीप शरण हो अथवा भनौं पण्डितहरूले शोकलाई जित्छन्। हे सुत्तसोम ! हे कोरव्य श्रेष्ठ ! म तपाईंसँग यो कुरा सोध्न चाहन्छु कि तपाईंलाई स्वास्नी, छोरा, छोरी, धन, सम्पत्तिमध्ये के ले अनुतप्त गरिरहेको छ ?"

सुत्तसोमले जवाफ दियो – "न मैले आफ्नो चिन्ता गरिरहेको छु न स्वास्नी, छोरा, छोरी र धनसम्पत्तिको। मैले सत्पुरूषहरूको पुरातन धर्मअनुसार आचरण गरेको छु। त्यस ब्राम्हणलाई दिएको वचन



Downloaded from http://dhamma.digital

अनुसार म अहिले अनुतप्त भइरहेको छु। म राष्ट्रमा ऐश्वर्य सम्पन्न हुँदा नै त्यस ब्राम्हणलाई वचन दिएको थिएँ। त्यो वचन पूर्ण गरी सत्यको रक्षा गरी पुनः फर्केर आउँछु।"

त्यस नरभक्षकले भन्यो – "म यस कुरामा विश्वास गर्दिन। मृत्युको पञ्जाबाट मुक्त भएको मानिस पुनः शत्रुको हातमा पर्न आउँछ भन्ने कुरामा म विश्वास गर्दिन। तपाई फेरि मकहाँ फर्केर आउनुहुन्न। मेरो हातबाट मुक्त भई घर गई सुखकर जीवनयापन गरिसकेपछि फेरि मकहाँ नै फर्केर आउनुहुन्छ भन्ने कुरा सम्भव छैन।"

यो सुनेर बोधिसत्वले सिंहले झैं गर्जन गरेर भन्यो – "सदाचारीहरूले मृत्युलाई राम्ररी चिनेको हुन्छ। उसले निन्दित पापकर्म गरी बाँच्ने इच्छा गर्दैन्। झूठ बोल्ने व्यक्ति दुर्गतिबाट उत्तीर्ण हुँदैन। चाहे हावाले पर्वत उडाएर लैजाओस्, चाहे चन्द्रसूर्य पृथ्वीमा खसून्, चाहे नदी उँभो बगोस् यो सम्भव होला तर म झूठ बोल्छु भन्ने कुरा सम्भव छैन।"

यसो भन्दा पनि उसले विश्वास नै गरेन। यसले मलाई विश्वास गरेन अब म किरीया हालेर भए पनि विश्वास दिलाएँछु भन्ने सोचेर भन्यो – "मित्र, नरभक्षक! मलाई काँधबाट झार। म तिमीलाई किरिया हालेर पनि विश्वास दिलाउँछु।" त्यस नरभक्षकले राजालाई तल झार्‍यो। बोधिसत्वले किरिया खाँदै भन्यो – "मित्र, म तलवार र राजशक्ति छोएर किरिया खाँदैछु कि तिमीबाट अलग भएर गएपछि ऋणमुक्त भए सरह हो। तर म सत्यको रक्षा गर्न पुनः तिमीकहाँ नै आउने छु।"

त्यस नरभक्षकले सोच्यो – यो क्षेत्रीय सुत्तसोमले ठूलै किरिया हाल्यो। मलाई यो नभए पनि के होला र। मपनि क्षेत्रीय राजा नै हुँ। आफ्नै पाखुराबाट रगत निकाली देवतालाई बलिकर्म चढाउँछु। यसले साह्रै दुःख पोख्यो भन्ने सोची भन्यो – "तपाईंले त्यस ब्राम्हणलाई जुन वचन



Downloaded from http://dhamma.digital

दिनुभएको थियो त्यो पूर्ण गरेर मात्र सत्य रक्षार्थ फर्केर आउनुहोस् ।"

बोधिसत्वले भन्यो – "मित्र, चिन्ता नगर । सत्पुरूषहरूको निम्ति महत्वपूर्ण भनिएका चारवटा गाथा सुनेर त्यस ब्राम्हणलाई दिएको वचन पूरा गरी भोलि बिहानै फर्केर आउँला ।"

"तपाईंले एउटा क्षेत्रीले किरिया हाल्न नहुने ढंगले किरिया हाल्नुभयो । यो कुरा नबिर्सनुहोस् नि ।"

"मित्र, नरभक्षक ! तिमीले मलाई सानैदेखि चिनेका छौ । मैले ख्याल-ख्यालमा पनि कहिल्यै भूठ बोलिन । अब म राज्याभिषिक्त भएर धर्माधर्मको ज्ञाता भएर भूठ बोलुँला र ? मेरो विश्वास गर । म तिम्रो बलिकर्म पूरा गरिदिउँला ।" यति भनेपछि त्यस नरभक्षकले राजालाई बिदा दिदैं भन्यो – "महाराज ! भैगो त्यसो भए जानुहोस् । तपाईं आउनुभएन भने बलिकर्म हुँदैन । देवताले तपाईं नभएपछि बलि स्वीकार गर्नुहुन्न । मेरो बलिकर्ममा बाधा नदिनुहोस् ।"

सुत्तसोम राजा राहुबाट मुक्त चन्द्रमाभैं आफ्नो देशमा पुगे । उनका सैन्यहरू त्यसबेलासम्म नगर बाहिर तैनाथ थिए । उनीहरूको विश्वास थियो कि सुत्तसोम राजा पण्डित हो, धर्मको ज्ञाता हो । एक दुईवटा कुरा गर्नासाथ त्यस नरभक्षकलाई दमन गरी सिंहको मुखबाट मुक्त हात्तीभैं मुक्त भएर फर्केर आउने छ । उनीहरूलाई यो पनि चिन्ता लागिरहेको थियो कि त्यस नरभक्षकलाई राजा सुम्पेर आए भनी अरूले भन्लान् । परन्तु सैनिकहरूले राजाबाट टाढैबाट आइरहेको देखेपछि आवभगत गरी प्रणाम गरी कुशलक्षेम प्रश्नहरू सोधे – "महाराज ! नरभक्षकले केही कष्ट त पुऱ्याएन ?" राजाले भन्यो - "त्यस नरभक्षकले यस्तो कर्म गऱ्यो जुन मेरो मातापिताले पनि सजिलै गर्न सक्नुहुन्न । त्यस्ता उजण्ड दुस्साहसीले पनि मैले सुनाएको धर्मकथा सुनेर मलाई छाडिदियो ।" ती सैन्यहरूले राजालाई सिंगारिएको हात्तीमा चढाई आफूहरूले राजालाई घेरी नगरभित्र प्रवेश गराए । राजालाई देखेर सारा नगरबासीहरू प्रसन्न भए । धर्मपिपासु भएकै कारणले



Downloaded from http://dhamma.digital

आफ्नो पितामातालाई पछि भेट्छु धर्मको कुरा पहिले सुन्नुपर्छ भन्ने मनसायले राजभवन पसी, राजगद्दीमा बसी त्यस धर्म सुनाउने ब्राम्हणलाई बोलाउन पठाए। राजाले आज्ञा दिए – "यसको पहिले कपाल खौर र नुहाइ-धुवाइ गराऊ।" अनुचरहरूले उसलाई उसको कपाल खौरिदिए, नुहाइ-धुवाइ गरिदिए, सुगन्धले पोतिदिए, वस्त्रालंकार धारण गराए। राजाले पनि स्नानादि गरिसकेपछि आफ्नो भोजन उसलाई खुवाई पछि मात्र आफूले भोजन गरे। त्यसपछि सुगन्ध मालादिले पूजा गरी आफूभन्दा उच्च आसनमा बसाली निवेदन गरे – "आचार्य ! मलाई सुनाउँछु भनी जुन गाथा लिएर आउनुभएको थियो, त्यो सुनाउनुहोस्। जुन गाथा सुन्दा मेरो कल्याण हुने हो ती सय सय रूपियाँ जाने गाथाहरू म श्रवण गर्दछु।"

बोधिसत्वले यसरी प्रार्थना गर्नासाथ ब्राम्हणले हातमा सुगन्ध लेप गरी खल्तिबाट राम्रो पुस्तक झिकी दुवै हातमा धारण गरी भन्यो – "महाराज ! यी गाथाहरू काश्यप बुद्धले उपदेश गर्नुभएको हो। रागमद आदिलाई मर्दन गर्ने आसक्ति नाश गर्ने, संसार चक्रलाई क्षय गर्ने अनि विरागस्वरूप अमृत पद महानिर्वाणमा पुऱ्याइदिने यी गाथाहरू सुन्नुहोस्।"

यति भनी त्यस ब्राम्हणले पुस्तक पढ्न शुरू गरे।

सकिदेव सुत्तसोम सब्भि होतु समागमो।
सानं संगाति पालेति नासभि बहुसंगमो॥
सब्भिखे समासेव सब्चि कुब्बेथ सन्धवं।
सतं सद्धम्मं अञ्ञाय सेरूयो होति नं पापियो॥
जीरन्ति वे राजरथा सुचित्ता
अथो सरीरं पिजरं उपेति।
सतंच धम्मो न जरं उपेति
सन्तो हवे सब्भि पवेदयन्ति॥



Downloaded from http://dhamma.digital

नभाच दूरे पथवी च दूरे
पारं समुद्दस्स तदाहु दूरे ।
ततो हवे दूरतरं वदन्ति
सतञ्च धम्मं असतञ्च राज ॥

**अर्थ**

"हे राजन ! सत्पुरूषहरूसँग एकपल्ट मात्र समागम भए पनि रक्षा गर्छ । असतपुरूषहरूसँग दीर्घकालीन संगत भएमा पनि रक्षा गर्दैन ॥ सत्पुरूषहरूसँग मात्र बस, सत्पुरूषहरूको मात्र संगत गर । सत्पुरूषहरूको सद्धर्मद्वारा भलाई मात्र हुनेछ, कुभलो होइन ॥ राम्ररी चित्रण गरिएको भए पनि रथ पुरानो भएर जान्छ, शरीर बूढा भइजान्छ तर सत्पुरूषहरूको धर्म पुरानो भएर जाँदैन । सन्तहरूले सत्पुरूषहरूलाई यसो भन्दछन् – आकास टाढा छ, पृथ्वी टाढा छ, समुन्द्रको त्यो किनार पनि टाढा छ । हे राजन ! सत्पुरूषहरू र असत्पुरूषहरूको धर्म त्यसभन्दा पनि बढी टाढा (भिन्न) हुन्छ ॥"

यसरी काश्यप बुद्धले देशना गर्नुभएको उपदेशलाई ब्राम्हणले गाथाको रूपमा पढी सुनायो । बोधिसत्व यो कुरा सुनेर म फर्केर आएको त सफल भएछ भनी प्रशन्न भए । फेरि सोच्यो – 'यी गाथाहरू न श्रावक-भाषित, न ऋषि-भाषित र कविले लेखेका हुन् । यी त सर्वज्ञले नै उपदेश गर्नुभएको हो । यसको मूल्य कति होला ? ब्रम्हलोकसम्म सारा चक्रवालभरि सप्तरत्नले भरिदिए पनि यिनको यथार्थ मूल्य हुँदैन । म यसलाई तीनसय योजन भएको कुरूराष्ट्रमा सात योजन भएको इन्द्रप्रस्थ नगर राज्य दिनसक्छु । तर यसको राज्य भोग गर्ने भाग्य होला कि नहोला ?' राजाले अङ्गविद्या अनुसार विचार गरिहेर्दा उसँग यस्तो भाग्य देखेन । अनि सेनापति पदको बारेमा विचार गऱ्यो । एउटा गाउँको मुखिया हुनेसम्मको भाग्य पनि उसँग भएको देखिएन । धनलाभको सम्बन्धमा करोडदेखि विचार गरिल्याउँदा उसको भाग्यमा



Downloaded from http://dhamma.digital

चार हजार भन्दा बढी धनलाभ गर्ने लक्षण देखिएन। राजाले निश्चय गरे – यति धनद्वारा नै उसको पूजा गर्नेछु। अनि चार हजारको थैली झिकी प्रश्न गरे – "आचार्य ! अरू क्षेत्रीहरूलाई ती गाथा सुनाउँदा तपाईंलाई कति लाभ हुन्छ ?" उसले जवाफ दियो – "महाराज ! एउटा गाथाको एक सय रूपियाँ। त्यसैले यस गाथाको नाम 'सय रूपियाँ जाने' गाथा हुनगयो।" अनि राजाले चार हजारको थैली अगाडि सारी भन्यो – "आचार्य ! तपाईं जुन गाथा लिएर घुमफिर गर्नुभयो त्यसको यथार्थ मूल्य थाहा भएन। यी गाथा सय-सय रूपियाँ जाने होइनन्। अबदेखि यी हजार-हजार मूल्यका भए। हे ब्राम्हण ! तपाई यो चार हजारको थैली बुझ्नुहोस्।"

यति गरेपछि त्यस ब्राम्हणलाई सुबिस्तासाथ जान रथ एउटा पनि दिई मानिसहरूलाई आज्ञा दिए – "ब्राम्हणलाई कुशलपूर्वक उनको घरमा पुऱ्याएर आऊ।" यसरी उसलाई बिदाइ गरे। सय रूपियाँ जाने गाथालाई सुत्तसोम राजाले हजार रूपियाँ जाने गरिदिए बापत त्यहाँ उपस्थित जनसमूहले राजालाई साधुवाद दिए। तर धनका लोभी उनको मातापिताले यो कुरा सुनेर बोधिसत्वसँग रिसाए। तिमी त्यस नरभक्षकको पञ्जाबाट कसरी बचेर आयौ भनेर पनि सोधेन। उनीहरूले भने – "हे छोरा ! के तैंले चार गाथा सुनेर चार हजार रूपियाँ दिएको साँचो हो ? अस्सी, नब्बे सय जाने गाथा पनि हुनसक्छ तर हे सुत्तसोम ! हजार रूपियाँ जाने गाथा पनि कतै हुनसक्छ ?"

बोधिसत्वले भन्यो – "मैले आफ्नो ज्ञान वृद्धि हुने इच्छा गरें, सत्पुरूषहरूको आश्रय प्राप्त होस् भनेर पनि इच्छा गरें। जसरी नदीहरू धेरै भए पनि समुन्द्र तृप्त हुँदैन त्यस्तै हे पिता ! सुभाषित गाथाले म तृप्त हुन्न। यदि मैले आफ्नो भृत्यबाट पनि सारयुक्त गाथा सुन्नपाएँ भने त्यसलाई पनि म आदरपूर्वक सुन्छु। हे पिता ! म धर्मबाट अतृप्त नै छु। जसरी आगोले घाँस, पराल, दाउरालाई जति जलाए पनि तृप्त हुँदैन, सागरसँग पनि तृप्ति भन्ने हुँदैन त्यस्तै हे राजश्रेष्ठ !



Downloaded from http://dhamma.digital

पण्डितहरू सुभाषितबाट कहिल्यै तृप्त हुँदैन।"

राजाले पुनः भने – "तपाईंले धनको निमित्त मलाई तिरस्कार गर्नुभयो। मैले धर्म सुनेको छु। किरिया पनि खाएर आएको छु। अब म त्यस नरभक्षककहाँ जान्छु। यो राज्यको सुरक्षा आफै गर्नुहोला। यो राष्ट्र धनसम्पत्ति कामभोगसहितको हो। कामभोगको साधनको निम्ति मलाई तिरस्कार गर्नुभयो। म त त्यस नरभक्षककहाँ जान्छु।"

यो कुरा सुनेर राजाको पिताको मन पश्चातापले भरियो। उनले भने – "हे छोरा सुत्तसोम! तिमीले यो के कुरा गरेको? यी हात्ती सवारहरू, घोडचढीहरू, रथमा लड्ने सैन्यहरू, पैदल सैन्यहरू, धनुर्धारीहरू सबै हाम्रै रक्षाका लागि हुन्। हामीले यी चतुरंगिनी सैन्य लगी त्यस चोरलाई पक्रेर ल्याऔंला।" यति भनी ती आमाबाबुको आँखा आँसुले रसियो। उनीहरूले भने – "छोरा! न जा, त्यहाँ न जा।" सोह्र हजार नर्तकीहरू र आसे पासेहरूले रोइकराइ भने – "देव! हामीलाई अनाथ पारेर नजानुहोस्।" नगरबासीहरूले पनि मन थाम्न सकेन। उनीहरूलाई पनि थाहा भयो – महाराज सुत्तसोम नरभक्षकलाई वचन दिई, गाथा सुनी, धर्मकथिकको सत्कार गरी, मातापितासँग बिदा लिई पुनः नरभक्षककहाँ जानलाग्दैछ।

सुत्तसोमले आमाबाबुको कुरा सुनेर भन्यो – "त्यस नरभक्षकले हत्तपत्त कसैले गर्नै नसक्ने काम गर्‍यो। उसले मलाई जिउँदै समातेर पनि मुक्त गरिदियो। मैले उसको उपकारलाई बिर्सन हुँदैन। मैले उसँग कसरी द्रोह गर्ने?" सुत्तसोमले आमाबाबुलाई आश्वासन दिँदै भन्यो – "तपाईंहरूले मेरो चिन्ता नगर्नुहोस्। म पुण्य गर्ने व्यक्ति हुँ। मलाई ऐश्वर्य दुर्लभ छैन।" यति भनेर आमा-बाबुलाई आश्वस्त पारी अन्य नगरबासीहरूलाई पनि आश्वस्त पारी सत्यको रक्षा गर्न त्यस नरभक्षक भएको ठाँउ गए।

उता नरभक्षकले विचार गर्‍यो – "मेरा मित्र सुत्तसोम आए आओस् नआए नआओस्। वृक्षदेवताले भनेअनुसार गरेकै हुँ। यी



Downloaded from http://dhamma.digital

राजाहरूलाई मारी पाँच प्रकारको मधुर मांस राखी बलिकर्म गर्नुपर्ला ।" यति निश्चय गरी उसले चिताशाला बनायो । आगो बाल्यो । आगो दनदन बल्ने प्रतिक्षामा बसिरह्यो । दाउरा चिर्दै रहेको बेला सुत्तसोम आइपुगे । उसलाई देखेर नरभक्षकले प्रशन्न भई भन्यो – "मित्र ! कर्तव्य पूरा गरी आइपुग्नुभयो ?"

"आइपुगें, महाराज ? काश्यप बुद्धले उपदेश दिनुभएको गाथा सुनेर आएँ । धर्मकथिकको सत्कार गरी मैले आफ्नो कर्तव्य पूरा गरें । मित्र ! मैले त्यस ब्राम्हणलाई वचन दिएर आएको थिएँ । ब्राम्हणलाई दिएको त्यस वचन पूर्ण गरी सत्य रक्षाको निम्ति म फेरि यहाँ फर्केर आएको छु । अब मलाई मारेर तिम्रो यज्ञ पूरा गर । हे नरभक्षक ! मेरो मासु खाऊ ।"

त्यस नरभक्षकले विचार गऱ्यो – 'यो राजालाई डर भय केही छैन । त्यसैले यसले मृत्युभयबाट मुक्त भई कुरा गऱ्यो । अरू केही होइन, यसले काश्यप बुद्धले उपदेश दिएको गाथा सुनेर आएपछि यति निडर भयो । यो अवश्य पनि गाथाकै प्रतापबाट भएको हुनुपर्छ । मैले ती गाथालाई यसैबाट सुन्नुपर्ला । अनि म पनि यो जस्तै भयरहित हुन सकुँला ।' यति निश्चय गरेपछि उसले भन्यो – "खानेकुरा पछि खाउँला । कहाँ जाला र ? अहिल्यै आगो राम्रोसित बलेका पनि छैन । धुँवा निस्किरहेको छ । धुँवा नभएको आगोमा मासु पोलेर खाँदा मीठो हुन्छ । त्यति बेलासम्म ती सय सय रूपियाँ जाने गाथा सुनुँ न ।"

यो सुनेर बोधिसत्वले भन्यो – "हे नरभक्षक ! तिमी अधर्मी हौ । तिमी पेटको निम्ति राष्ट्र त्यागी हौं । यी गाथाहरूमा धर्मका कुरा पाइन्छ । धर्म र अधर्म कहिले पनि समान हुँदैन । रगतले कट्कटिएको अधर्मी शिकारीसँग सत्य नै हुँदैन भनेपछि धर्म कहाँ हुन्छ ? तिमीले धर्मका कुरा सुनेर के गर्ने ?"

यसरी बोधिसत्वले लज्जास्पद बनाउन पापी भने पनि उसले क्रोध निकालेन । किनभने बोधिसत्वले उसलाई क्रोधले भनेको होइन



Downloaded from http://dhamma.digital

बरू मैत्रीपूर्वक नै भनेको हो। उसले भन्यो – "मित्र ! सुत्तसोम ! जसले मासुको निम्ति शिकार गर्दछ, जसले आफ्नो निम्ति नरहत्या गर्दछ, दुवैले परिलोकमा समान भोग गर्दछ। तपाईं मलाई मात्र किन अधर्मी भन्नुहुन्छ ?"

उसको मतलाई खण्डन गर्दै सुत्तसोमले भन्यो – "पाँचवटा र पाँचवटा अर्थात दशवटा प्राणीहरूलाई ज्ञानी क्षेत्रीयहरूले खानुहुँदैन अथवा नङ्ग्रा भएका प्राणीहरूमध्ये पाँचवटा प्राणीहरूलाई ज्ञानी क्षेत्रीयहरूले खान हुँदैन। हे राजन ! तिमीले खानै नहुने मासु खाएका छौं त्यसैले तिमी अधर्मी हौ ।" उसले आफ्नो बचाउको लागि अर्को उपाय नदेखेपछि आफ्नो पापलाई छोपी भन्यो – "हे राजा ! म नरभक्षकको पञ्जाबाट मुक्त भएर पनि पुनः तपाईं मेरो हातमा पर्न आउनुभयो। हे राजन ! तपाईं नीति शास्त्रज्ञ हुनुहुन्न ।"

बोधिसत्वले भन्यो – "मित्र ! मजस्तै नीतिज्ञ हुनुपर्छ। मलाई सबै थाहा छ तर नीतिशास्त्र अनुसार काम गरीन। जो नीतिशास्त्रमा पारंगत हुन्छन् ती नरकगामिनी हुन्छन्। त्यसैले म नीतिलाई त्यागी सत्यको रक्षा गर्न पुनः फर्केर आएँ। यज्ञ गर, हे नरभक्षक, मलाई खाऊ ।"

नरभक्षकले भन्यो – "तपाईंलाई राजप्रासाद, घोडा, हात्ती, स्त्रीगण, वस्त्र र चन्दन सबै प्राप्त छन्। तपाईं सत्यमा लागेर अरू के लाभको आशा गर्नुहुन्छ ?"

बोधिसत्वले जवाफ दियो – "पृथ्वीमा जति पनि रस छ ती सबै रसभन्दा सत्यको रसनै श्रेष्ठ छ। जो सत्यमा स्थिर भइबस्छ उसले जन्म मरणलाई पार गर्दछ ।" यसरी सुत्तसोमले उसलाई सत्यको महात्म्य बतायो। त्यस नरभक्षकले सोच्यो – 'मैले बलिकर्म गर्न आगो बालिरहेको र मासु पोल्न लट्ठी तिख्याइरहेको देख्दैछ तैपनि उसको मनमा अलिकति पनि त्रास छैन। गाथाको प्रतापले नै यसो भएको हो कि सत्यको प्रभावले ? वा अन्य कुनै कुरा पो छ कि ? यति



Downloaded from http://dhamma.digital

सोची उसले भन्यो – "हे पूर्णच्छ ! तपाईं नरभक्षकको हातबाट उम्केर पनि फर्केर आउनुभयो । हे जनेन्द्र ! तपाईंमा मृत्युभय छैन । हे सत्यवादी ! तपाईं आसक्तिरहित हुनुहुन्छ ।"

बोधिसत्वले जवाफ दियो – "मैले अनेक शुभकर्म गरेको छु, त्यस्तै अत्यन्त प्रशंसित यज्ञ पनि सम्पन्न गरेको छु। मैले आफन्तहरू तथा मित्रहरूको उपकार गरेको छु , मैले धेरैलाई धेरै दान पनि दिएको छु , मैले सन्त ब्राम्हणहरूलाई तर्पण दिएको छु। यसरी मैले मेरो परलोकको मार्ग परिशुद्ध गरिसकेको छु , धर्ममा स्थित भइसकेको छु भने म मृत्युदेखि किन डराउँछु । म अनुतापरहित भएर परलोक जान्छु। हे नरभक्षक ! तिमीले आफ्नो यज्ञ आरम्भ गर अनि मलाई खाऊ ।"

यो कुरा सुनेर नरभक्षकले सोच्यो – 'यो सुत्तसोम राजा सत्पुरूष हो, ज्ञानयुक्त हो। मैले यसलाई खाएँ भने मेरो शिर सात टुक्रा भई फुट्छ अथवा म पृथ्वीमै समावेश हुन्छु।' यति विचार गरी भयभीत भएर भन्यो – "मित्र ! म तपाईंलाई खान्न । जसले तपाईंजस्तो सत्यवादीलाई खान्छ, उसको टाउको सात टुक्रा भई फुट्छ।"

उसले बोधिसत्वलाई पुन: भन्यो – "तपाईं मेरो लागि हलाहल विष समान हुनुहुन्छ । तपाईंलाई कसले खानसक्छ ?" उसले बोधिसत्वबाट ती गाथाहरू सुन्ने इच्छाले प्रार्थना गर्‍यो। उसको मनमा धर्मको गौरव उत्पन्न गर्नको लागि यसो भन्यो – "यस्तो निर्दोष धर्म सुन्ने अधिकारवाला तिमी होइनौ ।" बोधिसत्वले अझ पनि नमानेको देखेर उसले सोच्यो – 'सारा जम्बुद्वीपमा सुत्तसोम समान पण्डित अरू कोही छैन। यो मेरो हातबाट उम्केर गयो। गाथा सुनेर धर्मकथिकलाई सत्कार गरी मृत्युलाई वरण गर्न यहाँ आइपुग्यो। ती गाथाहरू अवश्य पनि उत्तम हुनुपर्छ।' अनि उसले अत्यन्त आदरपूर्वक सुत्तसोमलाई प्रार्थना गर्‍यो – "मानिसहरूले धर्मलाई सुनेपछि नै असल कमसल छुट्याउँछ। हुनसक्छ, गाथा सुनेर मेरो मनमा पनि धर्मको रसले स्थान



Downloaded from http://dhamma.digital

पाउला कि !"

बोधिसत्वले सोच्यो – 'अब भने नरभक्षकले साँच्चै नै धर्म सुन्ने इच्छा गऱ्यो । मैले यसलाई सुनाउँछु ।' भन्ने मनमा राखी भन्यो – "त्यसो भए मित्र ! राम्ररी सुन ।" ब्राम्हणले झैं गाथालाई स्तुति गरेर ६ वटा कामावचार देवलोकको महान घोष एवं देवताहरूले दिएको साधुवादको बीचमा बोधिसत्वले त्यस नरभक्षकलाई ती गाथा सुनाए ।

(गाथा र अर्थ माथि नै उल्लेख भइसकेको छ ।)

ती गाथाहरू राम्ररी देशना गरिएका हुनाले र उसको आफ्नो पनि पाण्डित्य भएको कारणले उसलाई यी गाथाहरू सर्वज्ञ बुद्धले दिनुभएझैं लाग्यो । यी गाथाहरू सुनेर उसको मनमा पाँच प्रकारका प्रीति संचार भयो । उसको मन बोधिसत्वप्रति कोमल भयो । उसले बोधिसत्वलाई श्वेत छत्र दिने बाबुसमान ठान्यो । अनि उसले सुत्तसोमलाई दिनयोग्य सुन, धनादि केही नभएकोले एउटा एउटा गाथाको निम्ति एउटा एउटा वर दिने मनसायले भन्यो – "हे राजन ! यी अर्थ र व्यंजनले युक्त सुभाषित गाथा सुनेर मेरो मन आनन्दित भयो र प्रीति पनि भरेर आयो । हे मित्र ! म तपाईंलाई चार गाथाको चार वर दिन्छु ।"

बोधिसत्वले यसले के वर देला खै भन्ने सम्झी अलि झर्केर भन्यो – "तिमीलाई न आफू मर्ने कुरा थाहा छ, न आफ्नो हित अहितको, न स्वर्ग र नरक नै थाहा छ । मान्छेको मासु खाएर रसमा आसक्त भइबसेका हे दुराचारी पापी ! तिमीले मलाई के वर दिन्छौ खै ! मैले वर लिन्छु भने पनि तिमीले वर दिन सकेनौ भने तिमीजस्ता-सँग को बुद्धिमान झगडा गरिरहन्छ ?"

यो सुनेर नरभक्षकले यसले मलाई पत्याउँदै पत्याएन । यसलाई विश्वास दिलाउँछु भन्ने सोची भन्यो – "त्यो वर दिन योग्य



Downloaded from http://dhamma.digital

हुँदैन जुन दिन्छु भनेर पनि दिइँदैन । तपाईं निश्चित भएर वर माग्नुहोस् । म मेरो प्राण त्याग गरेर पनि अवश्य वर दिन्छु ।"

'यसले त अति शुरो भएर भन्यो बा । मैले भनेजस्तो गर्लाजस्तो छ । म वर ग्रहण गर्दछु । यदि पहिले नै मान्छेको मासु नखाने भन्ने वर माग्यो भने यसले ठूलो कष्टको अनुभव गर्नेछ । त्यसैले अरू वर लिइसकेपछि मात्र यो वर माग्नुपर्ला' भन्ने विचार गरी भन्यो – "आर्यको आर्यपुरूषसित र प्रज्ञावानको प्रज्ञावानसित संगत हुनु योग्य छ । म तिमीलाई सयवर्षसम्म निरोगी भएको हेर्नपाँऊ , यही नै मेरो पहिलो वरको इच्छ्रा छ ।"

यो कुरा सुनेर ऊ प्रशन्न भयो । यसैले कि ऊ जस्तो ऐश्वर्यच्यूत भएर पनि मान्छेको मासु खाने अनर्थकारी चोरलाई पनि यसले दीर्घ जीवनको कामना गऱ्यो । अहो ! यो मेरो कस्तो हितचिन्तक रहेछ । उसले सुत्तसोमलाई वर दिँदै भन्यो – "आर्यको आर्य पुरूषसँग र प्रज्ञावानको प्रज्ञावानसँग संगत भएको राम्रो हो । म तपाईंलाई वर दिन्छु कि तपाईंले एक सयवर्षसम्म मलाई रोगरहित पाउनु हुनेछ ।"

बोधिसत्वले पुनः भन्यो – "यहाँ जो जो क्षेत्रीयहरू छन् । यी भूपतिहरू जसले राज्याभिषेक लिइसकेका छन् , तिमीले ती भूमिपालहरूलाई नखाऊ । यो दोस्रो वर माग्छु ।" यसरी सुत्तसोमले दोस्रो वर मागेर एक सयभन्दा बढी राजाहरूको प्राण रक्षा गऱ्यो । त्यस नरभक्षकले यो दोस्रो वर पनि स्वीकार गऱ्यो ।

ती बन्दी राजाहरूले ती दुईबीचको कुरा पूरा सुनेनन् । नरभक्षकले धुँवा र आगोको भय हटाउन रूखको बीच भागमा आगो बालेको थियो । बोधिसत्व त्यही रूखको बीच भागमा बसी कुरा गरिरहेको थियो । त्यसैले सबै कुरा प्रष्ट सुनेनन् । बोधिसत्वले भने – "तिमीले सयभन्दा बढी क्षेत्रीयहरू बन्दी बनाइराख्यौ । उनीहरूको हत्केलामा प्वाल पारी माला बनाई झुण्ड्याइराख्यौ । हेर, उनीहरू रोइरहेका छन् । उनीहरूलाई आ-आफ्ना देशमा राख्न लैजाऊ । यही



Downloaded from http://dhamma.digital

तेस्रो वर तिमीसँग मागें।"

यसरी बोधिसत्वले तेस्रो वरबाट ती रा
राज्यमा पुऱ्याइदिने वचन मागे। किनकि उसले
नखाए पनि सबैलाई नोकर बनाई जंगलमा राख
छाडिदिनसक्छ, अथवा अरू नै ठाउँमा लगी बेचि
उनले तिनीहरूलाई आ-आफ्नो राष्ट्रमा पुऱ्याइदिने
नरभक्षकले यो तेस्रो वर पनि स्वीकार गऱ्यो।

बोधिसत्वले चौथो वर माग्दै भन्यो – "तिम्रो राष्ट्र बिग्रिसक्यो, रोगग्रस्त भइसक्यो। मानिसहरू बिचल्लीमा छन्। राजन ! मान्छेको मासु खान छोडिदेऊ। म यो चौथो वर माग्दछु।"

यो सुन्नेबित्तिकै नरभक्षकले गिज्याउने पाराले हाँस्दै भन्यो – "मित्र सुत्तसोम ! तिमीले यो के भनेको ? मैले यो वर तिमीलाई कसरी दिनसक्छु ? यदि वर माग्ने नै इच्छा छ भने अर्को वर माग। निश्चय पनि मानिसको मासु मेरो प्रिय भोजन हो। यसैको लागि नै मैले राज्य त्याग गरें र वनमा प्रवेश गरें। म यसबाट कसरी अलग्ग हुनसक्छु र ! चौथो वर अर्कै माग।"

बोधिसत्वले भन्यो – "हे राजन ! तिमीले भन्यौ मानिसको मासु तिमीलाई मनपर्ने वस्तु हो र त्यसलाई त्याग्न सक्दैनौ। जसले मनपर्ने भनेर पाप गर्दछ ऊ मूर्ख हो। हे राजन ! तिमीजस्तो पुरूषार्थी मान्छेले आफ्नो हानी हुने गरी मनपर्ने भनेर अभक्षलाई भक्ष बनाइरहेको कुरा मलाई त मन परेन। आफू नै श्रेष्ठ हो। मनपर्ने योग्य वस्तु पछि पछि पनि त प्राप्त हुनसक्छ।"

यो कुरा सुनेर नरभक्षक डरायो। उसले सोच्यो – 'मैले यस सुत्तसोमले मागेको वर दिनबाट विरत हुन पनि सक्दिन। फेरि मानिसको मासु भक्ष गर्ने कुरा पनि छोड्न सक्दिन।' यति विचार गरी भन्यो – "हे सुत्तसोम ! तिमीले यति कुरा बुझिदेऊ कि मलाई मानिसको मासु



Downloaded from http://dhamma.digital

..., म यसबाट कदापि अलग हुन सक्दिन। तिमीले अर्कै वर

बोधिसत्वले जवाफ दियो – "जसले प्रिय ठानेर, प्रियको इच्छा गरेर आफ्नो हानी गर्दछ र प्रियको सेवन गरिरहन्छ, उसले जँड्याहाले झैं पछि दुःख पाउँछ। जसले ठीक बेठीक छुट्याई प्रिय वस्तुलाई त्यागदछ र जतिसुकै कठीन भए पनि आर्यधर्मलाई सेवन गर्दछ उसले ठीकठीक समयमा औषधि सेवन गर्ने रोगीले झैं पछि सुख भोग गर्दछ।"

यो सुनेर त्यस नरभक्षकले आँसु झार्दै भन्यो – "यसैको लागि नै मैले माता-पितालाई त्यागें, यसैको लागि नै मैले पाँच कामसुख भोगलाई त्यागें र यसैको लागि नै म वनबासी बन्न आएँ। अब मैले तिमीलाई यो वर कसरी दिन सकुँला ?" बोधिसत्वले भन्यो – "पण्डितहरूले कुरा फेर्दैन। सन्तहरू सत्य-प्रतिज्ञ हुन्छन् , तिमीले मलाई मागेको वर दिन्छु भनी प्रतिज्ञा गरेका छौ। अब तिम्रो वचन फेरिने भयो।" नरभक्षकले रोएरै भन्यो – "यही नरमांसको कारणले मैले अपुण्य, अकीर्ति, अपयश कमाएँ र दुष्चरित्रतालाई अपनाएँ। अब मैले यो वर तिमीलाई कसरी दिउँला ?"

बोधिसत्वले उनले पहिले वाचा गरेको स्मरण गराउँदै भन्यो – "सत्पुरूषहरूले बरू प्राण त्याग गर्द तर वचन त्याग गर्दैन। त्यसैले हे राजन ! तिमीले वाचा गरे अनुसार वर दिएर आफ्नो सत्य-धर्मको पालन गर र शरीरको अंग बचाउन धन-त्याग गर्नुपर्छ, जीवनको सुरक्षा गर्न अंग त्याग गर्नुपर्छ, मानिसले धर्म बचाउन धन, अंग र शरीर सबै त्याग गर्नुपर्छ। तिमीले आफ्नो प्राणको बाजी थापेर पनि मलाई वर दिन्छु भनेको कुरा सम्झ।"

बोधिसत्वले आफ्नो गौरव प्रकट गर्न यसो भन्यो – "जुन सन्तजनद्वारा मानिसले धर्मका कुरा सिक्दछ अथवा जसले उसको शंका निवारण गर्दछ, त्यो व्यक्ति उसको लागि द्वीप समान हो। त्यो



Downloaded from http://dhamma.digital

उसको शरणस्थल हुन्छ । प्रज्ञावानले त्यस्तो व्यक्तिसँगको मित्रता तोड्नु हुँदैन ।" उनले फेरि थप्यो – "मित्र ! वचन उलङ्घन गर्न हुँदैन । पहिले पनि सहायक आचार्य भई मैले तिमीलाई धेरै कुराहरू सिकाइसकेको छु । अहिले पनि सय-सय रूपियाँ जाने गाथाहरू सुनाइसकें । त्यसैले मैले भनेको कुरा मान ।"

यति सुनेपछि नरभक्षकले विचार गर्‍यो कि सुत्तसोम मेरा आचार्य र पण्डित पनि हुन् । मैले यसलाई वर माग्ने वचन पनि दिइसकेको छु । एक जन्ममा एकचोटी त मर्नैपर्छ । मानिसको मासु खान छाड्नुपर्‍यो । यसलाई मागेको वर दिइहाल्छु । यति विचार गरी ऊ उभियो । आँशु झार्दै सुत्तसोमको पाउ पर्दै वर दिंदै भन्यो – "हे मित्र ! निश्चय पनि नरमांस मेरो प्रिय भोजन हो । यसैको वशमा परेरै म वनमा बस्न आएँ । यदि तिमीले यही वर मसँग माग्ने इच्छा नै गरेको भए मैले तिमीलाई यो वर पनि दिएँ ।"

बोधिसत्वले भन्यो – "मित्र ! यसै होस् । शीलमा स्थित भएर मर्नु नै बेस हो । महाराज ! तिमीले दिएको वरलाई मैले ग्रहण गरें । आजदेखि तिमी आचार्य पदमा प्रतिष्ठित भयौ । तर पनि मेरो प्रार्थना छ कि यदि तिमीमा मप्रति स्नेह छ भने पञ्चशील पनि ग्रहण गर ।"

"हुन्छ मित्र ! पञ्चशील देऊ ।"

"हुन्छ महाराज, लिनुहोस् ।"

उसले बोधिसत्वलाई पञ्चाङ्ग प्रणाम गरेर एक छेउ बस्यो । बोधिसत्वले पनि उसलाई शीलमा प्रतिष्ठित गरिदियो ।

त्यसबेला त्यहाँ जम्मा भएका भूमि देवताहरूले बोधिसत्वप्रति प्रीति प्रकट गरे । अवीचिदेखि भवाग्रसम्म त्यस्तो कोही थिएन जसले त्यस नरभक्षकलाई मानिसको मासु खानबाट विरत गर्न सकेको होस् , अहो सुत्तसोम ! भनेर वन नै घन्किने गरी सबै देवताहरूले सुत्तसोमलाई साधुकार गरे । यो साधुकार सुनेर चातुमहाराजिका



Downloaded from http://dhamma.digital

देवताहरूले र माथि ब्रम्हलोकसम्म नै एउटै घोषणा भयो। रूखमा भुण्डिइबसेका ती राजाहरूले पनि देवताहरूले दिएका साधुकार सुने। वृक्ष देवताले पनि आफ्नै ठाउँबाट साधुकार व्यक्त गरे। देवताहरूको स्वर मात्र सुनिन्थ्यो, रूप देखिँदैनथ्यो। साधुकार सुनेर ती राजाहरूले आफ्नो प्राण बचेको कुरा बुझे। उनीहरूले सुत्तसोमको स्तुति गरे। त्यस नरभक्षक बोधिसत्वलाई प्रणाम गरी एकातिर उभिइरह्यो। बोधिसत्वले उसलाई भन्यो – "मित्र ! ती राजाहरूलाई मुक्त गरिदेऊ।" त्यस नरभक्षकले सोच्यो – 'म यिनीहरूको शत्रु हुँ। मबाट मुक्त भएपछि यिनीहरूले मलाई बन्धनमा पारी मार्न पनि सक्छन्। मेरो प्राण नै गए पनि अब मैले सुत्तसोमबाट ग्रहण गरेको शील भङ्ग गर्ने छैन। यसलाई सँगै लगेर ती क्षेत्रीय राजाहरूलाई मुक्त गर्नुपर्‍यो। यसरी म निर्भय हुन सकुँला।' यति विचार गरी सुत्तसोमलाई नमस्कार गरी भन्यो – "सुत्तसोम ! मित्र ! तिमी मेरो अनुशासक पनि हौ, साथी पनि हौ। मैले तिमीले भनेको कुरा मानेको छु। तिमीले पनि मैले भनेको कुरा मान्नु पर्छ। हामी दुवै गएर ती क्षत्रीयहरूलाई मुक्त गर्न जाऔं।"

बोधिसत्वले जवाफ दियो – "म तिम्रो अनुशासक हुँ, साथी पनि हुँ। तिमीले मैले भनेको जस्तै गरेका पनि छौ। मित्र ! म पनि तिमीले भनेको कुरा मान्छु। हामी दुवै गएर क्षेत्रीयहरूलाई मुक्त गर्न जान्छौं।"

त्यहाँ पुगेपछि उनीहरूलाई बोधिसत्वले भन्यो – "तपाईंहरूलाई कष्ट भयो। तपाईंहरूको हत्केलामा प्वाल परेको छ। तपाईंहरू रोइकराइगरिरहनु भएको छ। तपाईंहरूले यो राजासँग द्वेष राख्न पाईंदैन। यो मेरो सत्य प्रतिज्ञा हो। तपाईंहरूले यो कुरा याद गर्नुपर्छ।"

बोधिसत्वले भन्यो – "तपाईंहरूले मेरो अगाडि प्रतिज्ञा गर्नुपर्छ। जसरी आमा-बाबुले आफ्ना सन्तानप्रति दया राख्दछन्, उनीहरूको भलो चिताउँछन् त्यस्तै यो राजा पनि हुनेछ। अनि तपाईंहरू छोराहरू समान हुनुपर्छ।" उनीहरूले पनि यस कुरालाई स्वीकार गरी भने –



Downloaded from http://dhamma.digital

"जसरी आमा वा बाबुले आफ्ना सन्तानलाई दया गर्दछन्, उनीहरूको भलो चिताउँछन् त्यस्तै हामीहरूको निम्ति यो राजा हुनेछ अनि हामी पनि उसका छोराहरू समान हुनेछौं।"

यसरी बोधिसत्वले उनीहरूबाट प्रतिज्ञा गराई नरभक्षकलाई भन्यो – "लौ, अब यी क्षेत्रीयहरूलाई मुक्त पार।" उसले एकजना राजाको बन्धन तलवारले काटिदियो। सातदिनसम्म केही खान नपाएको कारणले बन्धनमुक्त हुनासाथ मूर्छा परी भुईंमा लड्यो। यो देखेर बोधिसत्वले करूणा राखी भन्यो – "मित्र ! यसरी बन्धन नखोल।" उनले एकजना राजालाई दुवै हातले अंगाली भन्यो – "लौ, अब बन्धन काट।" नरभक्षकले बन्धन काटिदियो। बोधिसत्वले त्यस राजालाई आफ्नै छोरा सरह अंगाली बिस्तारै तल सुताइदियो। यसरी ती सबैलाई भुईंमा सुताइदिएपछि उनीहरूको घाउ धोइपखाली बच्चाको कानको धागो निकालेझैं उनीहरूको हत्केलाबाट डोरी झिकिदियो। घाउको पीप र रगत धोई निर्दोष पारिदियो। उनले नरभक्षकलाई रूखको बोक्रा लिन पठाई सत्यक्रिया गरेर उनीहरूको हत्केलामा त्यस बोक्राको लेप लगाइदियो। तत्क्षण घाउ निको भयो। अनि नरभक्षकले चामलको बारूणी पकाइदियो। दुवैजना मिलेर ती सबै क्षेत्रीयहरूलाई बारुणी पिलाए। उनीहरू सन्तुष्ट भए। त्यसबेला सूर्यास्त पनि भयो। भोलिपल्ट बिहान र बेलुकी पनि बारुणी नै पिलाए। उनीहरू त्यतिकै निरोगी भए।

बोधिसत्वले उनीहरूसँग सोध्यो – "अब के तपाईंहरू जान चाहनुहुन्छ ?" उनीहरूले जान्छौं भने पछि बोधिसत्वले नरभक्षकसित भन्यो – "मित्र ! आफ्नो देश फर्कौं।" उसले सुत्तसोमको पाउ परी भन्यो – "मित्र ! तपाईं यी राजाहरूलाई लिएर जानुहोस्। म यहीं फल कन्दमूल खाएर निर्वाह गर्दछु।"

बोधिसत्वले भन्यो – "मित्र ! यहाँ के गरेर बस्छौ। तिम्रो राज्य सुन्दर छ। तिमीले वाराणसीको राज्य गर।"



Downloaded from http://dhamma.digital

"मित्र ! तपाईं के भन्दै हुनुहुन्छ ? म त्यहाँ जान सक्दिन । सारा नगरबासी मेरा शत्रु हुन् । उनीहरूले मलाई तथानाम गाली गर्छन् कि यसले मेरो आमा, मेरो बाबु खायो । यसलाई समात, मार भनेर ढुंगाले हानेर मार्छन् । मैले तपाईंसित शील ग्रहण गरिसकें । आफ्नो ज्यान बचाउन समेत म अरूलाई मार्न सक्दिन, त्यसैले म जान्न । मानिसको मासु खान छोडेपछि कति दिन पो म बाचुँला । अब मेरो भाग्यमा तपाईंको दर्शन गर्ने योग छैन होला । तपाईं जानुहोस् ।"

अनि बोधिसत्वले उसको पिठ्युँमा सुम्सुम्याई ढाडस दिँदै भन्यो – "मित्र ! मेरो नाउँ सुत्तसोम हो । मैले तिमीजस्तो खतरनाक मान्छेलाई त वशमा लिएँ भने वाराणसीबासीहरूको त के कुरा भो र ! म तिमीलाई त्यहाँ प्रतिष्ठित गरिदिन्छु । मेरो राज्य आधा पारेर एक भाग दिनु परेपनि दिउँला ।"

यसलाई जसरी भए पनि पुरानो पदमा प्रतिष्ठित गर्नैपर्छ भनेर निश्चय गरी उसलाई लोभ्याउन नगरको सम्पत्तिको वर्णन गर्दै भन्यो – "चारखुट्टे पशु र पंछीको मासु त्यहाँ त्यसैगरी खाऊ जसरी इन्द्रले अमृतको सेवन गर्दछ । यी सबैकुरा छाडी यस वनमा एक्लै कसरी बस्छौ ? साना ठूला अलंकृत क्षेत्रीणीहरूले तिमीलाई प्रदक्षिणा गर्दैरहनेछन् जस्तो इन्द्रको वरिपरि अप्सराहरूले शोभा दिइरहेका हुन्छन् । तिनीहरूले तिमीलाई विनोद गरिरहनेछन् । उनीहरूलाई छोडी यस वनमा एकान्तबासी भएर कसरी जीवन बिताउँछौ ? रातो वर्णको मखमली गद्दामा सुतिरहेका तिमी यहाँ वनमा कसरी निदाउँछौ ? राती नारी स्वर, कुम्भ धुन, तुरीय धुन आदि अनेक प्रकारका संगीत र वाद्य सबै बिर्सेर यस वनमा एक्लै कसरी रमण गरिबस्छौ ? अनेक प्रकारका फूलहरूले सुवासित बगैंचा मृगाचीर छ, घोंडा हात्ती र सैन्ययुक्त सुरम्य नगर छ । ती सबैलाई छाडी यस वनमा एक्लै कसरी बस्छौ ?"

यसरी बोधिसत्वले उसलाई पहिले अनुभव गरिएका रसको स्मरण गराइदिए । जान राजी हुने सम्भव देखेर पहिले भोजनको



Downloaded from http://dhamma.digital

प्रलोभन दिए। त्यसपछि कामभोग, शयनासन, नृत्यगीत र वाद्य तथा उद्यान र नगरको वर्णन गरी प्रलोभन देखाए। यति भनेपछि उनले पुनः भने – "महाराज ! जाऔँ। म तिमीलाई लिएर वाराणसी जान्छु त्यहाँ तिमीलाई राज्यमा प्रतिष्ठित गरेपछि म आफ्नो राज्य फर्कन्छु। यदि वाराणसीको राज्य प्राप्त नभएमा म मेरो आधा राज्य तिमीलाई दिन्छु। जंगलमा बसेर के लाभ ? मैले भनेजस्तो गर।" यो कुरा सुनेर त्यस नरभक्षकले सुत्तसोमसँग जाने इच्छा गरी विचार गऱ्यो – 'सुत्तसोम मेरो हितैषी हो, दयालु हो। मलाई राम्रो मार्गमा आरूढ गराई अब मलाई मेरो पुरानो ऐश्वर्यमा प्रतिष्ठित गर्न खोजिरहेको छ। यसले प्रतिष्ठित गर्न पनि सक्दछ। योसँग जानै पर्ला। मलाई जंगलबासी हुनमा के लाभ ?' यति सोची उसले सुत्तसोमको गुणानुवाद गर्नको लागि भन्यो – "मित्र ! सत्संगजस्तो महान लाभ र कुसंगतजस्तो महान हानी केही छैन। जसरी कृष्णपक्षको चन्द्रमा दिनानुदिन क्षीण भइजान्छ त्यस्तै हे राजन ! असत्पुरूषहरूको संगत कृष्णपक्ष समान हुन्छ। जसरी मैले नीच भान्छेको संगतमा परी कति पापकर्म गर्न भ्याएँ। यसैले गर्दा म दुर्गतिमा परें। शुक्ल पक्षको चन्द्रमा दिनानुदिन वृद्धि हुँदै जानेझैँ हे राजन ! सत्पुरूषहरूको संगत शुक्ल पक्षजस्तै हो। हे सुत्तसोम ! जसरी तिम्रो संगत पाएर मैले कुशल कर्म गर्न सकें यसैले गर्दा म सद्गतिमा पुग्छु। हे राजन ! जसरी भूमिमा परेको पानी रहिर हँदैन त्यस्तै असत्पुरूषहरूको संगत पनि जमीनमा परेको पानीझैँ धेरै समयसम्म रहँदैन। सत्पुरूषहरूको संगत क्षीण हुँदैन। त्यसैले सत्पुरूषहरूको धर्म र असत्पुरूषहरूको धर्ममा निकै अन्तर हुन्छ।"

यसरी त्यस नरभक्षकले सातवटा गाथाद्वारा बोधिसत्वको नै गुणानुवाद गऱ्यो।

अनि बोधिसत्व त्यस नरभक्षक र राजाहरूलाई साथमा लिई प्रत्यन्त गाउँमा गयो। प्रत्यन्त गाउँमा बस्ने गाउँलेहरूले बोधिसत्वलाई देखेर नगरमा गएर भेट्न आए। अमात्य सैन्यहरू पठाई सुरक्षाको



Downloaded from http://dhamma.digital

लागि अगाडि पछाडि दायाँ बायाँ तैनाथ गरे। बोधिसत्व समूहसहित वाराणसी पुग्यो। बाटोमा जनपदबासीहरूले अनेक उपहार लिएर आए। सबै बोधिसत्वसँगै वाराणसी आइपुगे।

त्यस समय वाराणसीमा त्यस नरभक्षकको छोराले राज्य गरिरहेको थियो। सेनापतिमा कालहत्थि नै थियो। नगरबासीहरूले आफ्ना राजालाई नरभक्षक आइरहेको कुराको सूचना गरे। "महाराज! सुत्तसोम राजाले नरभक्षकलाई दमन गरी उसलाई साथैमा लिएर आइरहनुभएको छ। तर हामीले उसलाई नगरमा प्रवेश गराउँदैनौं।" यति सूचना दिएर उनीहरूले नगरद्वारलाई बन्द गरिदिए। हात हातमा शस्त्र लिएर पहरा दिइराखे। यो देखेर नरभक्षक र सयभन्दा बढी राजाहरूलाई सुत्तसोमले अलि पर छोडेर केही अमात्यहरू साथमा लिई द्वारमा आए र भने – "म सुत्तसोम राजा हुँ, द्वार खोल।" उनीहरूले द्वार खोलिदिए। बोधिसत्व नगरमा प्रवेश गरे। राजा र कालहत्थि दुवैले उनलाई राजप्रासादमा स्वागत गरे। राजसिंहासनमा बसेर त्यस नरभक्षकको पटरानी र बाँकी अमात्यहरूलाई बोलाउन पठाई कालहत्थिलाई सोध्यो – "कालहत्थि! राजालाई किन नगरमा प्रवेश नदिनुभएको?"

कालहत्थिले भन्यो – "उसले राज्यकालमा यस नगरका धेरै मानिसहरूलाई मारेका थिए। क्षेत्रीयहरूले गर्न नहुने काम गरे। सारा जम्बुद्वीपलाई नै नराम्रो पारिदिए। उनी पापी हुन् त्यसैले उसलाई हामीले प्रवेश दिएनौं। उनले फेरि पनि त्यसै गर्नेछन्।"

सुत्तसोमले भन्यो – "धन्दा नमान। मैले उसलाई दमन गरी शीलमा प्रतिष्ठित गरिसकेको छु। उसले अब आफ्नो प्राण रक्षाको निम्ति पनि कसैलाई कष्ट दिनेछैन। अब ऊबाट कसैलाई भय छैन। यसो नगरौं। आमाबाबुको सेवा गर्नु छोराको कर्तव्य हो। आमाबाबुको सेवा गर्ने नै स्वर्ग जान्छ। नत्र नरकगामिनी होइन्छ।"

यसरी बोधिसत्वले अलि निचा आसनमा बसिरहेको छोराचाहिँलाई



Downloaded from http://dhamma.digital

बोध गऱ्यो अनि सेनापतिलाई पनि अनुशासित गरे – "हे कालहत्थि ! तिमी राजाको सेवक तथा मित्र दुवै हौ । तिमीलाई राजाले नै ऐश्वर्य दियो । तिमीले पनि राजाको उपकार गर्नुपर्छ ।" यसरी सेनापतिलाई बोध गराई पटरानीलाई पनि उपदेश दिए – "हे देवी ! तिमी पनि यस घरमा प्रवेश गरी उनको तर्फबाट छोराछोरीका आमा भयौ । तिमीले पनि उनको सेवा गर्नुपर्छ ।" यसरी धर्मोपदेश गर्दै बोधिसत्वले फेरि भन्यो – "जसले आमाबाबुलाई परास्त गरी राज्य प्राप्त गर्दछ, त्यो राजा होइन । जसले छलकपटद्वारा मित्रलाई जित्दछ त्यो मित्र होइन, जो पतिदेखि त्रसित भइबस्छे त्यो पत्नि होइन र जसले बूढा भइसकेका आमाबाबुको सेवा गर्दैन ऊ छोरा पनि होइन । जहाँ सत्पुरूष छैन, त्यो सभा नै होइन, जसले धर्मका कुरा सुनाउँदैन ऊ सत्पुरूष होइन । राग, द्वेष र मोह त्यागी धर्मका कुरा गर्ने व्यक्ति नै सत्पुरूष हो । कुरा नगरेसम्म मूर्ख र पण्डित छुट्याउन सकिंदैन । अमृत पदको उपदेश दिने नै पण्डित हुन्छ । धर्मको व्याख्यान गर, प्रकाश पनि गर । ऋषिहरूको उपदेशलाई धारण गर ।"

बोधिसत्वबाट धर्मका कुरा सुनेर राजा र सेनापति दुवै सन्तुष्ट भए । उनीहरूले सोचे – "जाऔं, महाराजलाई लिएर आऔं ।" उनीहरूले नगरमा झ्याली पिटाए अनि नागरिकहरूलाई पनि एक ठाउँमा जम्मा गरी आश्वासन दिए – "तिमीहरू डराउनु पर्दैन । उनी धर्ममा प्रतिष्ठित भइसके । जाऔं, सबैजना मिली महाराजलाई लिएर आऔं ।" यसरी नागरिकहरूलाई चित्त बुझाई, साथमा लावालस्कर लिई राजाकहाँ पुगे । त्यहाँ पुगेर महाराज (नरभक्षक)लाई प्रणाम गरी नाउलाई बोलाउन पठाई, कपाल खौराई, स्नान गराई, वस्त्र अलंकारले सञ्चित पारी रथमा चढाई अभिषेक गरी नगरमा प्रवेश गराए । नरभक्षक राजाले पनि साथमा ल्याइएका राजाहरू र बोधिसत्वलाई आफ्नो नगरमा धुमधाम स्वागत सत्कार गरे ।

सुत्तसोम राजाले नरभक्षक राजालाई दमन गरी उसलाई



Downloaded from http://dhamma.digital

राज्यमा प्रतिष्ठित गराए भन्ने कुरा सारा जम्बुद्वीपमा फैलियो। इन्द्रप्रस्थ निवासीहरूले दूत पठाई सुत्तसोम राजालाई बोलाउन पठाए। त्यहाँ एक महिना बसेपछि एकदिन बोधिसत्वले भन्यो – "मित्र ! हामीहरू जान्छौं, तिमीले बेहोस नभइकन काम गर्नू। नगर द्वारमा र राजभवनको द्वारमा पाँच-पाँचवटा दानशाला बनाएर राजधर्मको विरूद्धमा नगइकन दुर्गतिबाट बचेर काम गर्नू।" भनेर नरभक्षकलाई उपदेश दिए।

सयभन्दा बढी देशका सैन्यहरू पनि जम्मा भएका थिए। ती सेनाहरूसहित बोधिसत्व वाराणसीबाट बाहिर निस्के। नरभक्षकले पनि बाहिरसम्म आई बिदाइ दिए। बोधिसत्वले ज-जसको बाहन थिएन त्यस-त्यसलाई बाहन दिई बिदा गरे। उनीहरू पनि प्रेमालाप गरी यथायोग्य प्रणाम र आलिंगन गरी आ-आफ्नो जनपदमा फर्केर गए।

इन्द्रप्रस्थ नगरवासीहरूले नगरलाई देवनगर झैं सिंगारेका थिए। बोधिसत्व नगरमा प्रवेश गरे। आमाबाबुलाई भेटी, प्रणाम गरी, क्षेमकुशल सोधी राजप्रासाद गए। धर्मानुसार राज्य गर्दै उसले विचार गऱ्यो – "वृक्षदेवताले मलाई धेरै नै उपकार गर्नुभएको छ। म देवतालाई बलि प्राप्त गराउने व्यवस्था गर्नेछु।" उनले त्यस निग्रोध रूखको अलि पर ठूलो पोखरी खनाए। धेरै परिवारहरू त्यहाँ पठाई एउटा गाउँ नै खडा गरिदिए। गाउँ साह्रै ठूलो बन्यो। ८०,००० पसलले भरिभराउ थियो। त्यस रूखको मुनि सम्म पारी मञ्च, द्वार र स्वागत-द्वार बनाइदिए। देवता यसबाट प्रशन्न भयो। कफास पाद (?) लाई दमन गरेको स्थान भएकोले त्यस गाउँको नाउँ कम्मास दम्म निगम नामाकरण भयो। सबै राजाहरूले बोधिसत्वको उपदेशानुसार काम गरी दानादि पुण्यकर्म गरी स्वर्गलाभी भए।

भगवान शास्ताले यस धर्मदेशना गरेर भन्नुभयो – "भिक्षुगण ! मैले केवल आजमात्र अंगुलिमाललाई दमन गरेको होइन, पहिले पनि गरेको छु" भनी जातकको सारांश निकाल्नु भई भन्नुभयो – "त्यसबेलाको नरभक्षक राजा अबको अंगुलिमाल हो। कालहत्थि



Downloaded from http://dhamma.digital

सेनापति अहिलेको सारिपुत्र हो। नन्द ब्राम्हण आनन्द, वृक्षदेवता काश्यप, शुक्र अनुरूद्ध, बाँकी राजाहरू बुद्ध परिषद् , माता/पिता महाराजकुल अनि सुत्तसोम राजा त म नै थिएँ।"

**अंगुलिमालको अतीत कथा समाप्त भयो।**

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## पुस्तक प्रकाशक श्री कृष्ण बहादुर नकर्मीद्वारा हालसम्म प्रकाशित पुस्तकहरू

१) मग्गङ्ग दीपनी - (समूहबाट)

२) सम्मादिट्ठी दीपनी - (समूहबाट)

३) बुद्धोपदेशित धर्म - (समूहबाट)

४) विशाखा चरित्र

५) महासतिपट्ठानसुत्त

६) अंगुलिमाल


पुस्तकको लागि सम्पर्क

कृष्ण बहादुर नकर्मी

सानेपा, फो नं. ५२५०६०


Dhamma.Digital

Downloaded from http://dhamma.digital